# वित्तीय क्षेत्रको विकास र स्थायित्व मार्फत मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध*



१. नेपाल राष्ट्र बैंक आफ्नो स्थापनाको ६० औं वर्ष पूरा गरी ६१ औं वर्षमा प्रवेश गरेको छ। यस अवसरमा बैंकले लक्षित गरेको आन्तरिक तथा बाह्य स्थायित्व सम्बन्धी उद्देश्य हासिल गर्न आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने यस बैंकको सञ्चालक समिति सदस्य र बैंकका सम्पूर्ण कर्मचारीहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, बैंकको कार्य सम्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने नेपाल सरकार, अर्थ मन्त्रालय लगायत अन्य निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, सञ्चार माध्यम तथा शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## चुनौतीपूर्ण वर्ष

२. भरखरै विदा भएको २०७२ साल नेपाल र नेपालीका लागि ऐतिहासिक रुपमा नै चुनौतीपूर्ण रह्यो । प्राकृतिक प्रकोप, राजनीतिक संक्रमण र आपूर्ति व्यवधानका कारण आर्थिक तथा वित्तीय क्षेत्रको व्यवस्थापन निकै जटिल बन्न पुग्यो । तथापि नेपाल सरकार र नेपाल राष्ट्र बैंकले अपनाएका विभिन्न नीतिगत उपायको परिणामस्वरुप समष्टिगत आर्थिक व्यवस्थापन नियन्त्रण बाहिर जान पाएन ।

## नीतिगत पहल

३. २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यस पछिका परकम्पहरुबाट मुलुकले ठूलो जनधनको क्षति व्यहोर्नु पऱ्यो । भूकम्पबाट यस बैंकको केन्द्रीय कार्यालयको मुख्य भवन र बैंकिङ कार्यालय थापाथलीको भवन क्षतिग्रस्त भएका कारण आपतकालीन व्यवस्थापन गरी बैंकिङ सेवा प्रवाहलाई निरन्तरता दिइएको थियो । मुलुकको भुक्तानी प्रणालीलाई अवरुद्ध हुन नदिन बैंकिङ कार्यालयका अत्यावश्यक कार्यहरुलाई केन्द्रीय कार्यालयबाट संचालनमा ल्याइएको थियो भने बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुसँग आपतकालीन बैठक गरी वैशाख १४ गतेदेखि नै मुलुकभर बैंकिङ कारोबार सुचारु गरिएको थियो ।

४. भूकम्पबाट प्रभावित जनसमुदायप्रति संवेदनशील रही जिम्मेवारी बोधका साथ यस बैंकले वित्तीय क्षेत्रबाट समेत राहत सहुलियत प्रदान गर्न सकियोस् भन्ने उद्देश्यले केही नीतिगत व्यवस्था गऱ्यो । भूकम्प पीडितलाई बैंक तथा वित्तीय संस्थाहरूले आवासीय घर पुनर्निर्माणका लागि काठमाडौं उपत्यकामा रु. २५ लाखसम्म तथा उपत्यकाबाहिर रु. १५ लाखसम्म र “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरूबाट आफ्ना सदस्यहरूलाई सामूहिक जमानीमा प्रवाहित रु. ३ लाखसम्मको कर्जामा यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरियो । बैंक तथा वित्तीय संस्थाहरूले २ प्रतिशतसम्म मात्र ब्याज लिन सक्ने व्यवस्था गरिएको यस्तो कर्जा २०७२ चैत मसान्तसम्म रु. १ करोड ४० लाख प्रवाह भएको छ ।

५. भूकम्प पीडितको सहयोगार्थ देश-विदेशका विभिन्न व्यक्ति तथा संघ/संस्थाहरुले पठाएको सहयोग र कम वास्तविक पीडितले पाऊन् भन्ने उद्देश्यले राहतको लागि खोलिएका बैंक खाताहरुको मौज्दात यस बैंकले एयरमार्किङ गरी प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको खातामा मात्र रकमान्तर गर्ने व्यवस्था

---

* नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सवको उपलक्ष्यमा गभर्नर डा. चिरंजीवि नेपालले दिनुभएको वक्तव्यको पूर्ण विवरण ।

मिलाएको थियो ।

६. भूकम्प र सीमा नाका अवरोध पछिको असहज परिस्थितिमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको निरन्तरता मार्फत् आर्थिक गतिविधि चलायमान हुन् भन्ने उद्देश्यले यस बैंकले नियामकीय छुट सम्बन्धी विभिन्न निर्देशनहरु जारी गर्‍यो । यस अन्तर्गत कर्जा नोक्सानी व्यवस्थालाई सहज बनाउने, एक वर्षसम्म कर्जा भुक्तानी अवधि थप गर्न पाउने गरी कर्जा पुनर्संरचना वा पुनर्तालिकीकरण गर्न सक्ने, ब्याज-आम्दानी लेखाङ्कन गर्ने समयावधि थप गर्ने, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन र ऊर्जा लगायतका क्षेत्रसँग सम्बन्धित निर्माणाधीन परियोजनामा कर्जा भुक्तानी ग्रेस अवधि एक वर्ष थप गर्ने तथा आयात कर्जाको समयावधि १२० दिनबाट बढाई १८० दिन पुर्‍याउने व्यवस्थाहरू समावेश भएका थिए ।

७. भूकम्पबाट भएको क्षति, दक्षिणी सीमा नाका अवरोध तथा आपूर्ति प्रणालीको असहज परिस्थितिबाट कृषि, पर्यटन, उद्योग, व्यवसाय लगायतका क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्दै आर्थिक गतिशिलता बढाउन यस बैंक अन्तर्गत संचालन हुने गरी स्थापना भएको "आर्थिक पुनरुद्धार कोष" कार्यान्वयनको क्रममा रहेको छ ।

८. भूकम्प प्रभावित जिल्लाहरूमा बैंकिङ सेवाको सहज उपलब्धता र पहुँच वृद्धिका लागि शाखा, शाखारहित बैंकिङ तथा घुम्ती बैंकिङ सेवा सञ्चालन गर्न काठमाडौं उपत्यका, बनेपा, धुलिखेल तथा भूकम्प प्रभावित जिल्लाका सदरमुकाम बाहेकका स्थानहरूमध्ये बैंक तथा वित्तीय संस्था नभएको बजार केन्द्र/गाउँ विकास समितिमा शाखा खोल्न यस बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिएको थियो । त्यसैगरी, भूकम्प प्रभावित जिल्लाका सर्वसाधारणले नागरिकता प्रमाणपत्र नभएको अवस्थामा नेपाल सरकारबाट उपलब्ध गराइएको भूकम्प पीडित प्रमाणको आधारमा समेत बैंक खाता खोल्न सक्ने व्यवस्था गरिएको छ ।

### वित्तीय क्षेत्रमा संवैधानिक सुनिश्चितता

९. प्राकृतिक विपद् ब्यहोर्नु परे पनि वि.सं. २०७२ राजनीतिक संक्रमण अन्त्य गर्ने दिशामा ऐतिहासिक सावित भएको छ । संविधानसभाबाट २०७२ असोज ३ गते नेपालको संविधान जारी भएसँगै विगतमा विभिन्न समयमा भएका राजनीतिक परिवर्तनहरुलाई संस्थागत गर्दै द्रुततर गतिमा आर्थिक विकासको बाटोमा अगाडि बढ्ने अवसर प्राप्त भएको छ । संविधान निर्माणताका बैंक तथा वित्तीय संस्था सम्बन्धी व्यवस्थाका बारेमा संघ र प्रदेशको अधिकारक्षेत्र बीच द्विविधा देखिई वित्तीय क्षेत्रको नियमन, सुपरिवेक्षण जस्तो महत्वपूर्ण काम समेत खण्डित हुने जोखिम बढेको थियो । तथापि यस बैंकको पहलकदमीमा बैंक तथा वित्तीय संस्था सम्बन्धी अधिकार प्रष्ट रुपमा संघको अधिकार क्षेत्र अन्तर्गत रहने व्यवस्था भएको छ । यसबाट संविधानको कार्यान्वयनको क्रममा बैंक तथा वित्तीय संस्थाको नियमन, सुपरिवेक्षण जस्तो महत्वपूर्ण आधारभूत नियामकीय जिम्मेवारीको निर्वाह यस बैकले गर्ने सुनिश्चितता प्रदान भएको छ ।

## कानुनी तथा नियामकीय सुधार

१०. वित्तीय क्षेत्रसँग सम्बन्धित ऐनहरुलाई समयसापेक्ष परिमार्जन गर्ने क्रममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को संशोधन प्रस्ताव व्यवस्थापिका संसदमा पेश भएको छ भने बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को संशोधन प्रस्ताव एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ लाई प्रतिस्थापन गर्न बनेको नयाँ विधेयक उपर संसदमा छलफल जारी रहेको छ । यी ऐनहरु संशोधन पश्चात् वित्तीय क्षेत्रमा सुशासन तथा वित्तीय फरफारक (Resolution) सम्बन्धी समस्या समाधान भई वित्तीय क्षेत्रको विकासमा समेत टेवा पुग्ने विश्वास गरिएको छ ।

११. राष्ट्रिय स्तरको पूर्वाधार बैंक स्थापनाका लागि अनुमति दिने सम्बन्धमा विशेष नीतिगत व्यवस्था तयार गर्न एक कार्यदल गठन भएको छ ।

१२. बैंक तथा वित्तीय संस्थाहरुको पुँजीगत आधार सुदृढ गरी दीर्घकालीन विकासका लागि आवश्यक पर्ने स्रोत परिचालन तथा वित्तीय स्थायित्व प्रवर्द्धन गर्ने

२०७४ असारसम्म तोकिएको चुक्ता पुँजी वृद्धि गर्नुपर्ने व्यवस्था चालू आर्थिक वर्षको मौद्रिक नीतिमा गरिएकोमा बैंक तथा वित्तीय संस्थाहरुले मर्जर तथा बोनस शेयर, हकप्रद एवम् थप शेयर जारी गरी पुँजी वृद्धि गर्ने योजना यस बैंकमा पेश गरिसकेका छन् ।

## विपन्न वर्ग केन्द्रित बैंकिङ

१३. उच्च गरिबी रहेका १० जिल्ला तथा गरिबीको गहनता तुलनात्मक रूपमा बढी भएका तराईका ८ जिल्लाका दक्षिणी सीमावर्ती क्षेत्रका गाउँ विकास समिति र नगरपालिकाहरूमा कृषि तथा साना व्यवसायमा आधारित आयमूलक क्रियाकलापलाई प्रोत्साहित गर्न बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह भएको रु. पाँच लाखसम्मको कर्जामा यस बैंकबाट १ प्रतिशत ब्याजदरमा विशेष पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले बढीमा ४.५ प्रतिशतसम्म मात्र ब्याज लिन सक्ने व्यवस्था गरिएको छ । साथै, उल्लेखित क्षेत्रमा अन्य बैंक तथा वित्तीय संस्था नभएका गाउँ विकास समिति तथा बजार केन्द्रहरूमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने व्यवस्था समेत गरिएबाट वित्तीय पहुँच विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

१४. बैंक तथा वित्तीय संस्थाहरुबाट विपन्न वर्गमा प्रवाह हुने कर्जाको अनुपातलाई वृद्धि गरी वाणिज्य बैंकहरुका लागि कुल कर्जाको ५.० प्रतिशत, विकास बैंकहरुका लागि ४.५ प्रतिशत र वित्त कम्पनीहरुका लागि ४.० प्रतिशत कायम गरिएको छ । साथै, लघुवित्त संस्थाहरुबाट विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यलाई सामूहिक जमानीमा प्रदान गरिने कर्जाको अधिकतम सीमा रु. २ लाखबाट वृद्धि गरी रु. ३ लाख पुऱ्याइएको छ भने धितो लिई प्रदान गरिने लघुउद्यम कर्जाको अधिकतम सीमा रु. ५ लाखबाट वृद्धि गरी रु. ७ लाख पुऱ्याइएको छ ।

## अर्थतन्त्रका चुनौती तथा अवसर

१५. आर्थिक वर्ष २०७२/७३ को हालसम्मको अवधिमा अर्थतन्त्रका समष्टिगत परिसूचकहरूको स्थिति मिश्रित रहेको छ । २०७२ बैशाखको विनाशकारी भूकम्पले प्रभावित भएको अर्थतन्त्रलाई देशका विभिन्न स्थानहरूमा भएको बन्द हड्ताल तथा नयाँ संविधान जारी भएसँगै सुरु भएको दक्षिणी सीमा नाका अवरोध र आपूर्ति व्यवधानले थप असर पुऱ्याएका कारण पर्यटन, उद्योग, निर्माण लगायतका आर्थिक गतिविधिहरू नराम्ररी प्रभावित हुन पुगे । त्यसैगरी, अपेक्षित रुपमा निजी क्षेत्रतर्फको कर्जा प्रवाहको विस्तार र सरकारको पुँजीगत खर्च हुन सकेन ।

१६. निजी तथा सरकारी क्षेत्रका गतिविधि विस्तार हुन नसकेका कारण गैह्र-कृषि क्षेत्रको वृद्धिदर प्रभावित हुने देखिएको छ भने अपर्याप्त वर्षा र सीमा नाका अवरोधका कारण रासायनिक मलको आपूर्ति अवरोध भएकोले कृषि क्षेत्रको वृद्धिमा समेत सङ्कुचन आउने देखिन्छ । तथापि उच्च विप्रेषण आप्रवाह र घट्दो आयातका कारण बाह्य क्षेत्रको स्थिति सुदृढ रहेको छ भने नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा उल्लेख्य नगद मौज्दात रहेको छ । यस अर्थमा सन्तोषजनक बाह्य क्षेत्रको सदुपयोग गर्दै पुनर्निर्माण लगायत सरकारको समग्र पुँजीगत खर्चको बढोत्तरी मार्फत आर्थिक वृद्धिलाई बढाउने अवसर समेत प्राप्त भएको छ ।

१७. अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल तथा धातुजन्य पदार्थको मूल्यमा आएको कमी तथा छिमेकी मुलुकको मुद्रास्फीति दर न्यून रहँदा-रहँदै पनि आर्थिक वर्षको प्रारम्भदेखि नै मुलुकमा विकसित आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने घटनाक्रमका कारण मुद्रास्फीति नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण बन्न पुग्यो । मौद्रिक विस्तारका कारण मुद्रास्फीतिमा चाप नपरोस् भन्ने उद्देश्यले यस बैंकले निक्षेप बोलकबोल लगायत अन्य मौद्रिक उपकरणहरूको प्रयोग मार्फत बैंकिङ क्षेत्रमा रहेको अधिक तरलता प्रशोचन गरी मौद्रिक व्यवस्थापन गर्ने कार्य निरन्तर अगाडि बढाइरहेको छ ।

१८. अन्तर्राष्ट्रिय आर्थिक गतिविधिमा खासगरी कमजोर निर्यात र आन्तरिक मागमा कमी आए तापनि श्रमबजार सुदृढ हुँदै गएकोले अमेरिकी अर्थतन्त्रको वृद्धिदर सामान्य रहने, युरो क्षेत्रमा आन्तरिक माग सुदृढ

हुँदै गएको, जापानमा निजी क्षेत्रको उपभोगमा कमी आएको एवम् चीनको वृद्धिदरमा अनुमान गरेभन्दा सामान्य सुधार हुने अपेक्षाको कारण विश्वको आर्थिक वृद्धिदर सन् २०१६ मा ३.२ प्रतिशत रहने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्राकोषले गरेको छ।[१] सन् २०१५ मा यस्तो वृद्धिदर ३.१ प्रतिशत रहेको थियो । अमेरिकी अर्थतन्त्र सन् २०१५ मा झैँ सन् २०१६ मा पनि २.४ प्रतिशतले बढ्ने तथा युरो क्षेत्रको आर्थिक वृद्धिदर सन् २०१६ मा १.५ प्रतिशत रहने प्रक्षेपण छ । नेपालका छिमेकी मुलुकहरू भारत र चीनको आर्थिक वृद्धिदर सन् २०१५ मा क्रमश: ७.३ प्रतिशत र ६.९ प्रतिशत रहेकोमा सन् २०१६ मा क्रमश: ७.५ प्रतिशत र ६.५ प्रतिशत रहने प्रक्षेपण छ ।

१९. पछिल्लो समयमा नेपालको आर्थिक वृद्धिदर विश्वको औसत आर्थिक वृद्धिदर भन्दा पनि कम रहेको र नेपालका दुई छिमेकी मुलुकहरु उच्च वृद्धिदरको मार्गबाट अगाडि बढिरहेका छन् । अन्तर्राष्ट्रिय दातृ निकायहरुले समेत नेपालको न्यून आर्थिक वृद्धिदरको विषयमा चासो र चिन्ता व्यक्त गरेका छन् । उदीयमान छिमेकी मुलुकहरूको आर्थिक समृद्धि एवम् अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ तथा धातु लगायतका वस्तुको मूल्यमा आएको गिरावटको लाभ लिँदै लगानीमैत्री वातावरण निर्माण गरी नेपालले आर्थिक समृद्धिको बाटोलाई फराकिलो बनाउन अबेर गर्नु हुँदैन भन्ने महसुस सर्वत्र गरिएको छ ।

## समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### वास्तविक क्षेत्र

२०. नेपाल सरकार, कृषि विकास मन्त्रालयले गरेको प्रमुख खाद्य बालीहरूको उत्पादनको प्रारम्भिक अनुमान अनुसार चालू आर्थिक वर्षमा धानको उत्पादन १० प्रतिशत र कोदोको उत्पादन २ प्रतिशतले घट्ने देखिन्छ । पर्याप्त बर्षा नहुनुका साथै बन्द हड्ताल एवम् नाका अवरोधका कारण रासायनिक मलको आपूर्ति सहज हुन नसकेकोले उत्पादनमा कमी आएको हो । यसैगरी, प्रतिकूल मौसमका कारण हिउँदे बाली खासगरी गहुँको उत्पादनमा केही कमी आउने अनुमान छ । तथापि, बेमौसमी मकै बाली राम्रो रहेकोले यसको उत्पादन ४ प्रतिशतले बढ्ने अनुमान छ ।

२१. गत आर्थिक वर्षमा उद्योग क्षेत्रको उत्पादन २.६ प्रतिशत र सेवा क्षेत्रको उत्पादन ३.९ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान रहेकोमा चालू आर्थिक वर्षमा बन्द हड्ताल र आपूर्ति अवरोधका कारण यी क्षेत्रहरूको वृद्धिदर सीमान्त मात्र रहने देखिन्छ ।

२२. आर्थिक वर्ष २०७२/७३ को आठ महिनासम्ममा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा २३.१७ प्रतिशतले कमी आई २ लाख ८० हजार २३५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या १७.२३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा नेपालीहरूको वैदेशिक रोजगारीमा जाने प्रमुख तीन गन्तव्य मुलुकहरूमा क्रमश: साउदी अरब (९३ हजार ३४६), कतार (८६ हजार ५८५) र मलेसिया (४२ हजार ९७६) रहेका छन् ।

### मूल्य स्थिति

२३. पाँचौ पारिवारिक बजेट सर्वेक्षणको आधारमा आर्थिक वर्ष २०७१/७२ लाई आधार वर्ष मानी चालू आर्थिक वर्षको साउन महिनाबाट नयाँ उपभोक्ता मूल्य सूचकाङ्क सार्वजनिक गरिएको छ । सर्वेक्षणको नतिजा अनुसार नयाँ उपभोक्ता मूल्य सूचकाङ्कमा खाद्य तथा पेय पदार्थ समूहको भार ४३.९१ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको भार ५६.०९ प्रतिशत कायम गरिएको छ । उक्त सूचकाङ्कमा ४०२ वस्तु तथा ९४ सेवाहरू गरी कुल ४९६ वस्तु तथा सेवाहरूको डालो निर्धारण गरिएको छ । साथै, मूल्य संकलनका लागि तराईका २३, पहाडका ३२ र हिमाली क्षेत्रका ५ गरी जम्मा ६० बजार केन्द्रहरू छानिएका छन् । यी मध्ये २९ ग्रामीण तथा ३१ शहरी बजार केन्द्र छन् ।

२४. आर्थिक वर्ष २०७२/७३ को आठौं महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १०.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.० प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य

१ World Economic Outlook, April 2016.

वृद्धिदर १०.३ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहमा १०.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मूल्य सूचकाङ्क क्रमशः ९.५ प्रतिशत र ४.९ प्रतिशतले वृद्धि भएको थियो ।

२५. समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर अघिल्लो वर्षको सोही अवधिमा झैँ ५.५ प्रतिशत रहेको छ । कृषिजन्य वस्तुहरूको थोक मूल्य सूचकाङ्क ९.१ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको ६.३ प्रतिशतले वृद्धि भएको छ भने आयातित वस्तुहरूको थोक मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको छ ।

## सरकारी वित्त स्थिति

२६. २०७२ चैतसम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ४६ अर्ब २९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ६१ अर्ब ५३ करोडले बचतमा रहेको थियो ।

२७. २०७२ चैतसम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ८ प्रतिशतले वृद्धि भई रु. २८६ अर्ब ५४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च १६.४ प्रतिशतले बढेको थियो । पुँजीगत खर्च र वित्तीय व्यवस्था अन्तर्गतको खर्चको वृद्धिदरमा कमी आएको कारण कुल खर्चको वृद्धिदर अघिल्लो वर्षभन्दा कम रहन गएको हो ।

२८. २०७२ चैतसम्ममा नगद प्रवाहमा आधारित चालू खर्च ८.७ प्रतिशतले वृद्धि भई रु. २११ अर्ब ४४ करोड पुगेको छ। चालू खर्च बजेट अनुमानको ४३.७ प्रतिशत रहेको छ । यसैगरी, सरकारको पुँजीगत खर्च ११.६ प्रतिशतले वृद्धि भई रु. ३२ अर्ब ४४ करोड पुगेको छ । पुँजीगत खर्च बजेट अनुमानको १५.५ प्रतिशत मात्र भएको छ ।

२९. २०७२ चैतसम्म नेपाल सरकारको राजस्व परिचालनमा अघिल्लो वर्षको तुलनामा ०.५ प्रतिशतले कमी आई रु. २८९ अर्ब ९८ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारको राजस्व १५.५ प्रतिशतले वृद्धि भई रु. २९१ अर्ब ४९ करोड पुगेको थियो ।

३०. आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्यमा व्यवस्था भएको रु. ८८ अर्ब मध्ये २०७३ वैशाख १० गतेसम्म रु. ६८ अर्ब ५८ करोड आन्तरिक ऋण परिचालन भएको छ । आर्थिक वर्ष २०७२/७३ को बजेटमा व्यवस्था भएको रु. ४१ अर्ब १० करोड मध्ये नेपाल सरकारले २०७३ वैशाख १० गतेसम्म रु. २६ अर्ब २ ९ करोड ९० लाख बराबरको आन्तरिक ऋण भुक्तानी गरेको छ । सरकारी बजेट उल्लेख्य बचतमा रहेको कारण २०७२ चैत मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. १४९ अर्ब ३७ करोड नगद मौज्दात रहेको छ ।

## वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति

३१. आर्थिक वर्ष २०७२/७३ को आठ महिनामा कुल वस्तु निर्यात २४.९ प्रतिशतले ह्रास आई रु. ४२ अर्ब ७३ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ६.६ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा भारततर्फ ३४.५ प्रतिशत, चीनतर्फ ४५.९ प्रतिशत र अन्य मुलुकतर्फ ३.७ प्रतिशतले निर्यात घटेको छ । अघिल्लो बर्षको सोही अवधिमा भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः ९.९ प्रतिशत र ०.९ प्रतिशतले घटेको थियो भने चीनतर्फको निर्यात ९.३ प्रतिशतले बढेको थियो ।

३२. समीक्षा अवधिमा कुल वस्तु आयात १३.९ प्रतिशतले घटेर रु. ४३५ अर्ब ८० करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १०.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा भारतबाट भएको आयात १९.३ प्रतिशत, चीनबाट भएको आयात २ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ६.१ प्रतिशतले घटेको छ। अघिल्लो बर्षको सोही अवधिमा भारत, चीन र अन्य मुलुकबाट आयत क्रमशः ५.१ प्रतिशत, ४८.६ प्रतिशत र ८.७ प्रतिशतले बढेको थियो ।

३३. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १२.५ प्रतिशतले घटी रु. ३९३ अर्ब ७ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १३.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा

निर्यात-आयात अनुपात ९.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.२ प्रतिशत रहेको थियो ।

३४. आर्थिक वर्ष २०७१/७२ को पहिलो आठ महिनामा रु. ११ अर्ब ६५ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा रु. १३८ अर्ब ५५ करोडले बचतमा रहेको छ । त्यसैगरी, गत आर्थिक वर्षको पहिलो आठ महिनामा रु. ३५ अर्ब ७ करोडले बचतमा रहेको समग्र शोधनान्तर बचत समीक्षा अवधिमा रु. १५८ अर्ब १८ करोडले बचतमा रहेको छ । अनुदान रकम बढेको, विप्रेषण आप्रवाहमा वृद्धि भएको र वस्तु आयात घटेको कारण समीक्षा अवधिमा चालू खाता बचत उच्च रहेको हो ।

३५. समीक्षा अवधिमा विप्रेषण आप्रवाह १५.२ प्रतिशतले वृद्धि भई रु. ४२७ अर्ब ३७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४ प्रतिशतले वृद्धि भएको थियो। विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारण खुद ट्रान्सफर आय १९ प्रतिशतले वृद्धि भई रु. ५०० अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १.३ प्रतिशतले बढेको थियो ।

३६. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर रु. ९ अर्ब ७२ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. २ अर्ब ३४ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु. ७ अर्ब ६३ करोड र वैदेशिक लगानी रु. २ अर्ब ६७ करोड रहेको थियो ।

३७. कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२४ अर्ब ६ करोडबाट २२.२ प्रतिशतले वृद्धि भई २०७२ फागुन मसान्तमा रु. १००६ अर्ब ६८ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.२ प्रतिशत रहेको छ । अमेरिकी डलरमा २०७२ फागुन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति १५.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ९ अर्ब ३९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर १.३ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७२/७३ को आठ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १८.८ महिनाको वस्तु आयात र १५.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

३८. २०७२ असार मसान्तको तुलनामा २०७२ चैत मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.५ प्रतिशतले अवमूल्यन भएको थियो । २०७२ चैत मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०५.९२ पुगेको छ। २०७२ असार मसान्तमा उक्त विनिमय दर रु. १०१.१४ रहेको थियो ।

## मौद्रिक स्थिति, तरलता व्यवस्थापन र ब्याजदर

३९. आर्थिक वर्ष २०७२/७३ को आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ११.५ प्रतिशत र सञ्चित मुद्रा ४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ८.१ प्रतिशतले बढेको र सञ्चित मुद्रा ४.८ प्रतिशतले घटेको थियो ।

४०. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ५.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ६.४ प्रतिशतले बढेको थियो । त्यसैगरी, मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ११.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १२.४ प्रतिशतले बढेको थियो ।

४१. आर्थिक वर्ष २०७२/७३ को आठ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ८.४ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १०.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप तथा कर्जा क्रमश: ७.६ प्रतिशत र ११.८ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको निक्षेप क्रमश: ८.१ प्रतिशत, ५.१ प्रतिशत र ८.७ प्रतिशतले बढेको छ। त्यसैगरी, निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको कर्जा प्रवाह क्रमश: ११.५ प्रतिशत, ७ प्रतिशत र १० प्रतिशतले बढेको छ।

४२. २०७२ साउनदेखि २०७३ वैशाख १० गतेसम्म यस बैंकले पटक-पटक गरी रु. ४७२ अर्ब १५ करोड तरलता प्रशोचन गरेको छ । कुल प्रशोचित तरलतामध्ये पटकपटक गरी निक्षेप बोलकबोल मार्फत  रु. २

९७ अर्ब ५० करोड, रिभर्स रिपो मार्फत रु. १६५ अर्ब ५५ करोड (टर्नओभरको आधारमा) तथा सोझै बिक्री बोल-कबोलमार्फत रु. ९ अर्ब १० करोड रहेको छ। २०७२ चैत २६ देखि २०७३ वैशाख ७ सम्मको अवधिमा यस बैंकले केही वाणिज्य बैंकहरूलाई रु. ५ अर्ब १३ करोड स्थायी तरलता सुविधा उपलब्ध गराएको छ।

४३. आर्थिक वर्ष २०७२/७३ को आठ महिनासम्ममा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ८९ करोड खुद खरिद गरी रु. ३०६ अर्ब ३३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। त्यसैगरी, अमेरिकी डलर २ अर्ब ३ करोड र युरो १ करोड बिक्री गरी क्रमश: रु. २१३ अर्ब ८४ करोड र रु. १ अर्ब १८ करोड बराबरको भारतीय रुपैयाँ खरिद गरिएको छ।

४४. आर्थिक वर्ष २०७२/७३ को नौ महिनासम्ममा वाणिज्य बैंकहरूले रु. ६०० अर्ब ४० करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ६१ अर्ब ४४ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन्।

४५. २०७१ चैतमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ०.६८७ प्रतिशत रहेकोमा २०७२ चैतमा १.०९७ प्रतिशत रहेको छ। २०७१ फागुनमा ९० दिने निक्षेप बोलकबोलको भारित औसत ब्याजदर ०.८६ प्रतिशत रहेकोमा २०७२ फागुनमा ०.३९ प्रतिशत रहेको छ। त्यसैगरी, वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ चैतको ०.६४ प्रतिशतको तुलनामा २०७२ चैतमा १.५९ प्रतिशत पुगेको छ। अन्य वित्तीय संस्थाहरू बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ चैतको ३.८७ प्रतिशतको तुलनामा २०७२ चैतमा १.५२ प्रतिशत रहेको छ।

४६. २०७२ फागुनमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेप बीचको भारित औसत ब्याजदर अन्तर ४.७० प्रतिशत रहेको छ। त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर ६.४६ प्रतिशत कायम हुन आएको छ।

## पुँजी बजार

४७. २०७२ साउनदेखि नै उच्चदरमा वृद्धि भएको नेपालको शेयर बजार सूचकाङ्क पछिल्लो समय हालसम्मकै उच्च दरले वृद्धि भएको छ। नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ४६.४ प्रतिशतले वृद्धि भई २०७२ चैत मसान्तमा १,३८८.६ विन्दुमा पुगेको छ। २०७१ चैत मसान्तमा उक्त सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिको तुलनामा १५.९ प्रतिशतले वृद्धि भई ९४८.४ विन्दु कायम भएको थियो।

४८. २०७२ फागुन मसान्तमा धितोपत्र बजार पुँजीकरणमा वार्षिक विन्दुगत आधारमा ४१.५ प्रतिशतले वृद्धि भई रु. १,४२० अर्ब ९१ करोड पुगेको छ। शेयर बजार पुँजीकरण अनुपात अघिल्लो वर्षको सोही अवधिमा २५.८ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिको बजार पुँजीकरणको अनुपात आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनसँग ६६.९ प्रतिशत रहेको छ।

४९. समीक्षा अवधिमा कायम रहेको शेयर बजार पुँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनीहरू सहित) को अंश ८३.१ प्रतिशत रहेको छ भने जलविद्युत् क्षेत्रको ५.३ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.५ प्रतिशत, होटलहरूको १.६ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ७.४ प्रतिशत रहेको छ।

५०. समीक्षा अवधिमा नेपाल स्टक एक्सचेन्जको कुल शेयर कारोबार रकम तथा सूचीकृत कम्पनीहरूको चुक्ता पुँजीमा समेत उल्लेख्य वृद्धि भएको छ। २०७२ फागुन महिनामा २०७१ फागुनको तुलनामा शेयर कारोबार रकम १५३.२ प्रतिशतले वृद्धि भई रु. १० अर्ब ९० करोड पुगेको छ भने सूचीकृत कम्पनीहरूको चुक्ता पुँजी ३५.० प्रतिशतले वृद्धि भई रु. २५५ अर्ब ४४ करोड पुगेको छ।

५१. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७२ फागुन मसान्तसम्ममा २३० रहेको छ। २०७१ फागुन मसान्तमा यस्तो संख्या २३२ रहेको थियो। केही बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा मर्ज भएका कारण सूचीकृत

कम्पनीहरूको संख्या घट्न गएको हो । सूचीकृत कम्पनीहरूमध्ये १९४ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ८ वटा जलविद्युत् कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र २ वटा अन्य समूहका रहेका छन् ।

### वित्तीय पहुँच/सहुलियत

५२. २०७२ चैत मसान्तमा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त "क" वर्गका २९, "ख" वर्गका ७२, "ग" वर्गका ४६ र "घ" वर्गका ४१ वटा बैंक तथा वित्तीय संस्थाहरू बैंकिङ कारोबारमा संलग्न रहेका छन् । त्यसैगरी, १५ वटा सहकारी संस्था तथा एक राष्ट्रिय सहकारी बैंक र २७ वटा गैर-सरकारी संस्था समेत यस बैंकबाट इजाजत प्राप्त गरी सीमित बैंकिङ कारोबारमा संलग्न रहेका छन् ।

५३. वित्तीय संस्थाहरूको शाखा सञ्जालमा भएको वृद्धिसँगै वित्तीय सेवाको पहुँच विस्तार हुँदै गएको छ । २०७२ फागुन मसान्तमा वाणिज्य बैंकहरूको शाखा संख्या १८०६, विकास बैंकहरूको ८५६, वित्त कम्पनीहरूको २०२ र लघु वित्तीय संस्थाहरूको १२३१ गरी कुल शाखा संख्या ४०९५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूको १६५६, विकास बैंकहरूको ७९७, वित्त कम्पनीहरूको २३९ र लघु वित्तीय संस्थाहरूको १०२९ गरी कुल शाखा संख्या ३७२१ रहेको थियो । २०७२ फागुन मसान्तमा प्रति बैंक तथा वित्तीय संस्था शाखा जनसंख्या औसतमा करिब ६८४८ रहेको छ । त्यसैगरी, "क", "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूमा निक्षेप खाता संख्या १ करोड ५७ लाख ५६ हजार र ऋणी संख्या १० लाख ३८ हजार रहेका छन् ।

५४. वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरूले तोकिएका १४ जिल्लाका सदरमुकाममा शाखा खोलेमा रु. ५० लाखसम्म र सदरमुकामभन्दा बाहिर शाखा खोलेमा रु. १ करोडसम्म निश्चित अवधिको लागि निर्ब्याजी सापटी उपलब्ध गराउने नीतिगत व्यवस्था गरिएको छ । यस व्यवस्था अर्न्तगत समीक्षा अवधिमा एउटा वाणिज्य बैंकले भोजपुर, जुम्ला, डोल्पा, जाजरकोट तथा बझाङ्गमा ५ वटा शाखा खोली रु. २ करोड ५० लाख निर्ब्याजी सापटी उपयोग गरेको छ । त्यसै गरी, लघुवित्त संस्थाहरूले वित्तीय पहुँच कम भएका तोकिएका २२ जिल्लामा शाखा खोली वित्तीय सेवा प्रदान गरेमा रु. ३० लाखसम्म शून्य ब्याजदरमा सापटी प्राप्त गर्न सक्ने व्यवस्था अन्तर्गत ३ वटा संस्थाले अछाम, बाजुरा, दार्चुला, रसुवा र सोलुखुम्बुमा गरी कुल ७ वटा शाखा खोले वापत रु. २ करोड १० लाख निर्ब्याजी सापटी उपयोग गरेका छन् ।

५५. पुनरकर्जा सुविधाको उपयोगलाई विस्तार गर्नका लागि नेपाल सरकार र यस बैंकबाट संचालित निर्देशित कर्जा कार्यक्रमहरूको माग पक्षलाई थप प्रभावकारी बनाउने उद्देश्यले यस बैंकका उपत्यका बाहिरका कार्यालयहरूमा निर्देशकको संयोजकत्वमा बैंक तथा वित्तीय संस्था, उद्योग वाणिज्य संघ, कृषि विकास कार्यालय, बीउबिजन कम्पनी, कृषि सामग्री कम्पनी, सिँचाई कार्यालय, उद्योग, पर्यटन, ऊर्जा, बीमा लगायतका कार्यालयका प्रतिनिधि समेत सदस्य रहने गरी क्षेत्रीय स्तरमा वित्तीय क्षेत्र समन्वय संयन्त्र गठन गरिएको छ ।

५६. बैंक तथा वित्तीय संस्थाहरूबाट जलविद्युत् परियोजनाले स्थानीय बासिन्दाहरूका लागि छुट्याएको शेयर खरिद गर्न प्रवाहित प्रति परिवार रु. पचास हजारसम्मको कर्जालाई विपन्न वर्गमा गणना गर्ने व्यवस्था गरिएको छ ।

५७. काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा सार्वजनिक सहरी यातायात सेवा सञ्चालन गर्ने संगठित संस्थामा प्रवाहित कर्जालाई उत्पादनशील कर्जामा गणना गर्ने व्यवस्था गरिएको छ । यस अन्तर्गत २०७२ फागुन मसान्तसम्म रु. ८८ करोड ६० लाख कर्जा प्रवाह भएको छ ।

५८. २०७२ फागुन मसान्तसम्म साधारण पुनरकर्जा रु. २ अर्ब २६ करोड र निर्यात पुनरकर्जा रु. १ अर्ब १२ करोड गरी जम्मा रु. ३ अर्ब ३८ करोड पुनरकर्जाको उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. ३ अर्ब २२ करोड र निर्याततर्फ रु.

१ अर्ब ८० करोड गरी कुल रु. ५ अर्ब २ करोड पुनरकर्जा उपयोग भएको थियो ।

५९. युवाहरूलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि २०७१ बमोजिम तोकिएका कृषि व्यवसायहरूमा बैंक/वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामा ४ प्रतिशतसम्म ब्याज अनुदान दिने व्यवस्था अन्तर्गत २०७२ पुस मसान्तसम्म १५५९ जना कृषकलाई रु. १ अर्ब १६ करोड कर्जा प्रवाह भएको छ । सो कार्यक्रम अन्तर्गत रु. १ करोड ८० लाख ब्याज अनुदान प्रदान गरिएको छ ।

६०. वाणिज्य बैंकहरूले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७२ फागुन मसान्तसम्ममा यी बैंकहरूको यस्तो कर्जा अनुपात १७.८९ प्रतिशत पुगेको छ ।

६१. वित्तीय सेवाको पहुँच नपुगेका स्थानहरूमा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई इजाजत प्रदान गरिएको छ । जसअनुसार समीक्षा अवधिमा ५ वटा लघुवित्त वित्तीय संस्थाहरूलाई वित्तीय कारोबार गर्ने इजाजत प्रदान गरिएको छ । ३ वटा प्रस्तावित संस्थाहरूलाई "घ" वर्गको वित्तीय संस्थाको सैद्धान्तिक सहमति प्रदान गरिएको छ । यस बैंकबाट वित्तीय मध्यस्थताको कारोबार गर्न अनुमतिप्राप्त गैर-सरकारी संस्थाहरूलाई "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा परिणत गर्ने कार्य अगाडि बढाइएको छ ।

६२. समीक्षा अवधिमा यस बैंकबाट इजाजतप्राप्त "ख" वर्गको एक वित्तीय संस्थालाई १ जिल्लाबाट ३ जिल्लामा कार्यक्षेत्र विस्तार गर्न स्वीकृति प्रदान गरिएको छ ।

६३. व्यावसायिक कृषि तथा पशुपालन, साना तथा मझौला व्यवसाय एवम् भूकम्पबाट प्रभावित क्षेत्रमा आयमूलक क्रियाकलापलाई प्रोत्साहित गर्न ऋणीको ऋण तिर्नसक्ने क्षमताका आधारमा बढीमा रु. १० लाखसम्मको कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रूपमा स्वीकार गर्न सक्ने व्यवस्था गरिएको छ ।

६४. तरकारी खेती, फलफूल, पशु/पंक्षीपालन, मत्स्यपालन, मौरीपालन, जडिबुटी उत्पादन तथा कृषि उपज भण्डारणजस्ता व्यवसायको लागि प्रति परिवार रु. ४ लाख रुपैयाँसम्मको कर्जा र किसानहरूलाई तरकारी तथा फलफूल भण्डारण प्रमाणको आधारमा प्रदान गरिएको रु. ४ लाख रुपैयाँसम्मको कर्जालाई विपन्न वर्गमा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

६५. युवाहरूलाई कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ बमोजिम तोकिएका कृषि व्यवसायहरूमा ऋणीहरूलाई प्रवाह भएको रु. ७ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

६६. नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत "आर्थिक पुनरुद्धार कोष कार्यविधि, २०७२" बमोजिम यस बैक अन्तर्गत संचालन हुने गरी स्थापना भएको आर्थिक पुनरुद्धार कोष रु. १०० अर्बको रहेको र यसबाट तोकिएका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने रु. १० करोडसम्मको कर्जामा ४ प्रतिशत र सो भन्दा माथिको कर्जामा २ प्रतिशत ब्याज अनुदानको व्यवस्था गरिएको छ । साथै, भूकम्प पीडितहरुलाई तोकिएको व्यवसाय गर्न बैंक तथा वित्तीय संस्थाहरुले ५ प्रतिशतसम्मको ब्याजमा कर्जा प्रदान गर्न सक्ने र यसका लागि १.५ प्रतिशतमा पुनरकर्जा उपलब्ध गराउने प्रावधान रहेको छ । यस्तो पुनरकर्जा सुविधा रु. ५ करोडसम्मको कर्जामा पूरै र सो भन्दा बढी कर्जा उपयोग गरेको अवस्थामा उक्त बढी कर्जाको २० प्रतिशतसम्म प्रदान गरिनेछ ।

## लघुवित्त तथा ग्रामीण वित्तीय सेवा

६७. नेपाल सरकार, नेपाल राष्ट्र बैंक र अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सहयोगमा देशका बैंक तथा वित्तीय संस्थाहरू, स्थानीय गैर-सरकारी संस्था र सहकारी संस्थामार्फत विभिन्न लघुवित्त कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

६८. २०४७ सालमा स्थापना भएको ग्रामीण स्वावलम्बन कोषले विपन्न वर्गको आर्थिक एवम सामाजिक उत्थानका लागि थोक कर्जा उपलब्ध गराउँदै आएको

छ । विद्यमान व्यवस्था अनुसार कोषबाट प्रति व्यक्ति बढीमा रु. ९० हजारसम्मको कर्जा सहकारी तथा गैर-सरकारी संस्थाहरू मार्फत उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । हालसम्म नेपाल सरकारबाट प्राप्त रु. ५४ करोड र नेपाल राष्ट्र बैंकबाट प्राप्त रु. २५ करोड ३४ लाख गरी कोषको कुल पुँजी रु. ७९ करोड ३४ लाख रहेको छ । सोही पुँजीबाट कोषले निर्देशिकामा व्यवस्था भएबमोजिम सम्बन्धित संस्थाहरूको क्षमता तथा प्राथमिक पुँजीको आधारमा कर्जा उपलब्ध गराउँदै आएको छ ।

६९. कोषबाट २०७२ पुस मसान्तसम्ममा १०७५ वटा सहकारी संस्था, ५३ वटा गैर-सरकारी संस्था र कृषि बिकास बैंक गरी कुल ११२९ संस्थाहरूलाई रु. १ अर्ब ८५ करोड ९० लाख कर्जा प्रवाह भएको छ । गैर-सरकारी संस्था मार्फत् २७ जिल्लामा र सहकारी संस्था मार्फत् ६८ जिल्लामा विविध आय तथा स्वरोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्न प्रवाहित उक्त कर्जाबाट कुल ५२,९८७ घरपरिवार लाभान्वित भएका छन् । यस्तो कर्जाको असुली दर ९६.५९ प्रतिशत रहेको छ ।

७०. नेपाल सरकार र डेनमार्क सरकारबीच उन्नति - इन्क्लुसिभ ग्रोथ प्रोग्राम कार्यान्वयनमा ल्याउने सम्बन्धमा भएको द्विपक्षीय सम्झौता बमोजिम यस बैंकसँगको सहकार्यमा संयुक्त राष्ट्र संघीय पुँजी विकास कोष (UNCDF) को सहयोगमा २०१४-२०१८ का लागि वित्तीय सेवाको पहुँच (Access to Finance-A2F) कार्यक्रम सञ्चालनमा रहेको छ । उक्त परियोजना अन्तर्गत पूर्वाञ्चल विकास क्षेत्रका ७ वटा पहाडी जिल्लाहरूमा अदुवा, चिया तथा दुग्धजन्य वस्तुको उत्पादन र वितरणमा सहयोग गरी वित्तीय पहुँच अभिवृद्धि गर्न सघाउ पुग्ने कार्य सञ्चालन गर्ने कार्यक्रम रहेको छ । वित्तीय समावेशीकरणका लागि शाखारहित बैंकिङ र मोबाइल वित्तीय सेवाको प्रवर्द्धन गर्ने उद्देश्यका लागि उन्नति परियोजनाकै एउटा अङ्गको रूपमा मोबाइल मनि फर द पुअर (MM4P) कार्यक्रम सञ्चालनमा रहेको छ ।

७१. चालू आर्थिक वर्षमा उन्नति परियोजना अन्तर्गत ३ वटा नयाँ क्षेत्र पहिचान गरी कार्य अगाडि बढाइएको छ । यस अन्तर्गत संघीय संरचनामा नेपाल राष्ट्र बैंकको भूमिका सम्बन्धी अध्ययन गर्ने, Geo-spatial Mapping of Financial Services Access Points सम्बन्धी कार्य गर्ने र भुक्तानी तथा फछ्र्यौट विभागको कानुनी संरचना विकास गर्नका लागि सहयोग उपलब्ध गराउने कार्यहरू स्वीकृत भई कार्यान्वयनको चरणमा रहेका छन् ।

७२. नेपालमा वित्तीय समावेशीकरण र वित्तीय सेवामा पहुँचको अवस्था सर्वेक्षण गरी नीतिगत लगायत माग तथा आपूर्ति पक्षको विश्लेषण सहितको आगामी मार्गचित्र समेत निर्धारण गर्ने मूल उद्देश्यका साथ यस बैंकसँगको सहकार्यमा संयुक्त राष्ट्र संघीय पुँजी विकास कोष (UNCDF) को सहयोगमा सञ्चालित उन्नति परियोजनाकै एउटा अङ्गको रूपमा नेपालमा मेकिङ एक्सेस टु फाइनान्सियल सर्भिसेज पसिबल (MAP) कार्यक्रम सञ्चालन गरिएको छ ।

७३. वित्तीय साक्षरताको प्रचारप्रसारका लागि आर्थिक वर्ष २०७१/७२ देखि "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" अभियान सञ्चालनमा रहेको छ । यस अन्तर्गत यस बैंकले नेपालका विभिन्न विद्यालयहरूमा गई वित्तीय साक्षरता सम्बन्धी प्रस्तुति गर्ने, अन्तरक्रिया गर्ने, सन्दर्भ सामग्री वितरण गर्ने लगायतका वित्तीय सचेतना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ ।

७४. वित्तीय साक्षरता सम्बन्धी विषयलाई नीतगत रूपमा सम्बोधन गर्न यस बैंकले राष्ट्रिय वित्तीय साक्षरता नीति, २०७२ को मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गरेको छ ।

७५. नेपालको ग्रामीण क्षेत्रमा भइरहेको वित्तीय सेवाको पहुँच र सोको अवस्थाका सम्बन्धमा जानकारी प्राप्त गर्ने मूल उद्देश्यका साथ यस बैंकले मुलुकभरका विभिन्न १५ जिल्लाका १०० गाउँ विकास समितिहरूमा रहेका करिब ५४०० घरपरिवार र ती जिल्लामा कार्यरत रहेका ९५२ बैंक/वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई समेत समेटी चौथो ग्रामीण कर्जा सर्वेक्षणको कार्य सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ ।

७६. २०७२ चैत मसान्तसम्ममा नेपाल राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षणमा रही लघुवित्तको क्षेत्रमा कार्य गर्ने ४१ वटा "घ" वर्गका लघु वित्त संस्थाहरु, १६ वटा सीमित बैंकिङ कारोबार गर्ने सहकारी संस्थाहरू (राष्ट्रिय सहकारी विकास बैंक समेत) र २७ वटा लघुवित्तको कारोबार गर्ने गैर-सरकारी संस्थाहरू मध्ये २०७२ साउन १ गते देखि २०७२ फागुन मसान्तसम्म २१ वटा "घ" वर्गका संस्थाहरू, ६ वटा सहकारी संस्थाहरू र ८ वटा गैर-सरकारी संस्थाहरूको स्थलगत निरीक्षण सम्पन्न भएको छ । त्यसैगरी, सो अवधिमा एउटा लघुवित्त संस्था र एउटा सहकारी संस्थाको विशेष निरीक्षण समेत सम्पन्न भएको छ ।

## वित्तीय क्षेत्र सुधार तथा नियमन

७७. नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुँजीयोजनामा उल्लिखित अधिकांश कार्यहरू सम्पन्न भएका छन् । २०७२ पुष मसान्तमा राष्ट्रिय वाणिज्य बैंकले पुँजी कोष १०.५६ प्रतिशत कायम गरी यस बैंकले तोकेको अनुपातमा पुऱ्याएको छ । सोही अवधिमा नेपाल बैंक लिमिटेडको पुँजी कोष ९.११ प्रतिशत रहेको छ । विद्यमान पुँजी व्यवस्था अनुसार उक्त पुँजी कोष पर्याप्त नभएकाले पुँजी योजनामा रहेका बाँकी कार्य अन्तर्गत बैंकमा रहेको गैर-बैंकिङ सम्पत्ति बिक्री गर्ने प्रक्रिया अगाडि बढाइएको छ । त्यसैगरी, निक्षेप उल्लेख्य रूपमा वृद्धि भएको, निष्कृय कर्जाको मात्रा क्रमश: घट्दै गएको तथा समीक्षा अवधिमा उच्च मुनाफा आर्जन गर्न सफल भएका कारण समग्रमा दुवै बैंकको वित्तीय अवस्था सन्तोषजनक रहेको छ ।

७८. बैंक तथा वित्तीय संस्थाहरूमा सहज तथा मितव्ययी रूपमा नेपाल फाइनान्सियल रिपोर्टिङ स्ट्याण्डर्ड (NFRS) कार्यान्वयन गर्न तथा सो कार्यान्वयनको क्रममा आवश्यक समन्वयकारी भूमिका खेल्न यस बैंकका गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा एक उच्चस्तरीय एनएफआरएस ओभरसाइट कमिटी गठन गरिएको छ । साथै, बैंक तथा वित्तीय संस्थाहरूलाई जारी निर्देशन र एनएफआरएस बीच सामञ्जस्य कायम गर्न विद्यमान निर्देशनमा संशोधन गर्नुपर्ने आवश्यक विषयहरू समावेश गरी नयाँ निर्देशनको मस्यौदा तयार पार्न नेपाल बैंकर्स संघ र नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था समेतको प्रतिनिधित्व हुने गरी एक कार्यदल गठन गरी कार्य अगाडि बढाइएको छ ।

७९. पुँजी पर्याप्तता संरचना २००७ लाई परिमार्जन गरी पुँजी पर्याप्तता संरचना २०१५ जारी गरिएको छ । उक्त संरचना वाणिज्य बैंकहरूले २०७२ पुस मसान्तदेखि समानान्तर रूपमा र २०७३ साउनदेखि पूर्णरूपमा कार्यान्वयन गर्नुपर्ने छ ।

८०. यस बैंकमा रहेको गुनासो व्यवस्थापन समितिमा २०७१ चैतदेखि २०७२ फागुन मसान्तसम्ममा कुल ९१ गुनासा तथा उजुरी परेकोमा ३० वटा उपर गुनासो व्यवस्थापन समितिबाट सुनुवाइ भइसकेको छ भने २५ वटा उजुरीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग आवश्यक पत्राचार गरिएको छ । बाँकी ३६ वटा गुनासो बारे निवेदक तथा सम्बन्धित पक्षबीच समन्वय गराई सहमति गर्न पहल गरिएको छ ।

८१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार व्यावसायिक विशेषज्ञहरूको सूची कायम गर्ने सन्दर्भमा समीक्षा अवधिमा तोकिए बमोजिमको योग्यता तथा रीत पुगेका थप १२ जना व्यक्तिहरू समावेश गरी जम्मा १६४ जना व्यावसायिक विशेषज्ञहरूको सूची कायम गरिएको छ ।

८२. बैंक तथा वित्तीय संस्थाहरूले लिक्विडिटी एण्ड इन्टर-बैंक ट्रान्जेक्सन इन्फर्मेशन सिष्टम (LIBTIS) सफ्टवेयरबाट अन्तरबैंक कारोबार तथा तरलता सम्बन्धी दैनिक विवरणहरू र रिपोर्टिङ अनलाइन सफ्टवेयरबाट मासिक विवरण यस बैंकमा उपलब्ध गराउने गरेका छन् । चालू आर्थिक वर्षदेखि "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूबाट पनि सोही अनलाइन सफ्टवेयरबाट तथ्याङ्क सङ्कलन गर्नको लागि आवश्यक प्रक्रिया सुरु गरिएको छ । त्यसैगरी, ई-म्यापिङ सम्बन्धी अध्ययन सुरु गरिएको छ ।

८३. बैंक तथा वित्तीय संस्थाहरूलाई एक आपसमा गाभ्न र गाभिन प्रोत्साहित गर्ने यस बैंकको नीतिगत व्यवस्थालाई समीक्षा अवधिमा पनि निरन्तरता प्रदान

गरिएको छ । "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८" कार्यान्वयनमा आएपछि ८९ वटा बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभिएर ३६ वटा संस्थाहरू बनेका छन् । समीक्षा अवधिमा "क", "ख" र "ग" वर्गका १८ वटा संस्थाहरू एक आपसमा गाभिएर ७ वटा संस्था बनेका छन् । त्यसैगरी, एउटा वाणिज्य बैंकले २ वटा वित्त कम्पनी तथा एउटा विकास बैंकले अर्को एउटा विकास बैंकलाई प्राप्ति गरेको छ ।

८४. अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्रमा गरिएको लगानीलाई बैधानिक तरलता अनुपात (SLR) मा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

८५. प्राकृतिक प्रकोप लगायतका घटनाहरूले वित्तीय प्रणालीको व्यावसायिक निरन्तरतामा पार्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न बैंक तथा वित्तीय संस्थाहरूले कन्टिन्जेन्सी म्यानेज्मेण्ट फ्रेमवर्क तयार पारी लागू गर्नु पर्ने व्यवस्था गरिएको छ ।

८६. लघुवित्त संस्थाहरूले आफ्नो मुनाफाको निश्चित प्रतिशत रकम आफ्ना ऋणीहरूको सामूहिक हित तथा संस्थागत विकासमा उपयोग गर्नेगरी ग्राहक संरक्षण कोष खडा गर्नुपर्ने व्यवस्था गरिएको छ । यस अन्तर्गत खुद मुनाफाको १ प्रतिशत रकम सो कोषमा छुट्याउनु पर्ने व्यवस्था गरिएको छ । साथै, वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश वितरण प्रस्ताव गरेमा उक्त थप प्रस्तावित लाभांशको २५ प्रतिशत रकम समेत कोषमा छुट्याउनु पर्ने व्यवस्था गरिएको छ ।

## निरीक्षण तथा सुपरिवेक्षण

### बैंक सुपरिवेक्षण

८७. बैंकिङ क्षेत्रप्रति सर्वसाधारणको विश्वास अभिवृद्धि गर्दै जाने उद्देश्यले सबै वाणिज्य बैंकहरूमा नियमित तथा आवश्यकताको आधारमा स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण तथा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

८८. प्रत्येक वर्ष कम्तीमा एक पटक सबै वाणिज्य बैंकहरूको समष्टिगत स्थलगत निरीक्षण गर्ने नीति अनुरूप समीक्षा अवधिमा कुल ११ वटा वाणिज्य बैंकको स्थलगत निरीक्षण सम्पन्न भएको छ ।

८९. सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउन वाणिज्य बैंकहरूमा अन्तरनिहित जोखिमका क्षेत्रहरू पहिचान गरी सोही अनुरूप सुपरिवेक्षकीय साधन स्रोतहरू बढी जोखिम भएको क्षेत्रमा केन्द्रित गरी सुपरिवेक्षण प्रक्रियालाई थप प्रभावकारी बनाउँदै जाने उद्देश्यले जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागू गरिएको छ । यस्तो सुपरिवेक्षण सम्पूर्ण बैंकहरूमा सम्पन्न भए पश्चात् बैंकहरूको जोखिम व्यवस्थापन प्रणाली सुदृढ बनाउन जोखिम व्यवस्थापन सम्बन्धी थप निर्देशन जारी गर्ने सम्बन्धमा आवश्यक कार्य सुरु गरिएको छ ।

९०. नेपाल सरकारको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत विश्व बैंक र डिपार्टमेण्ट फर इन्टरनेशनल डेभलपमेण्ट (DFID) को प्राविधिक सहयोगमा बैंक तथा वित्तीय संस्थाहरूको विशेष निरीक्षण कार्यक्रम अन्तर्गत पहिलो चरणमा ११ वटा वाणिज्य बैंकको स्थलगत निरीक्षण तथा दोस्रो चरणमा अन्य ११ वटा वाणिज्य बैंकहरूको विशेष निरीक्षण सम्पन्न भएको छ ।

९१. समीक्षा अवधिमा एउटा बैंकको लक्षित निरीक्षण र ग्राहकका गुनासा तथा अन्य विभिन्न निकायबाट अनुरोध भई आएका विषयका आधारमा ४० पटक विशेष स्थलगत निरीक्षण गरी तयार पारिएको प्रतिवेदन कार्यान्वयनका लागि पठाइएको छ ।

९२. यस बैंकको नियन्त्रणमा रहेको नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको व्यवस्थापन कायमै राखिएको छ ।

९३. समीक्षा अवधिमा विपन्न वर्ग कर्जातर्फ निर्धारित कर्जा लगानी नगरेको कारण वाणिज्य बैंकहरूलाई रु. १ करोड १५ लाख २७ हजार नगद जरिवाना लगाइएको छ । त्यसैगरी, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनको पालना नभएकोले ४ वटा वाणिज्य बैंकहरूलाई रु. ५५ लाख नगद जरिवाना गर्ने कारबाही अगाडि बढाइएको

छ ।

९४. सुपरिवेक्षकीय व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने प्रारम्भिक कार्यका लागि एक कार्यदल गठन भएको छ । आरबीएस अफसाइट म्यानुअल तयार गर्ने र सुपरिवेक्षण सूचना प्रणालीका लागि सफ्टवेयर सम्बन्धी कार्य कार्यान्वयनको प्रक्रियामा रहेको छ ।

९५. समग्र वित्तीय प्रणालीमा पार्नसक्ने प्रभावको आँकलनको आधारमा बैंकहरूलाई सिष्टमिकल्ली इम्पोर्टेण्ट बैंकस् (SIBs) को रूपमा परिभाषित गर्न मापदण्ड तयार गर्ने कार्य अगाडि बढेको छ ।

## विकास बैंक सुपरिवेक्षण

९६. आधार ब्याजदरको अवधारणा "क" वर्गका वित्तीय संस्थाबाट क्रमश: अन्य वित्तीय संस्थाहरूमा समेत लागु गर्दै लैजाने सन्दर्भमा "ख" वर्गका वित्तीय संस्थाहरूको आधार ब्याजदरको नियमित अनुगमन गरिएको छ ।

९७. "ख" वर्गका वित्तीय संस्थाहरूले तोकिएका उत्पादनशील क्षेत्रमा २०७३ असार मसान्तसम्ममा कुल कर्जाको १५ प्रतिशत रकम प्रवाह गर्नु पर्ने नीतिगत व्यवस्था सम्बन्धमा यस बैंकमा पेश गरेको कार्ययोजना कार्यान्वयन गराउन नियमित अनुगमन गरिएको छ ।

९८. यस बैंकबाट जारी गरिएको दबाव परीक्षण सम्बन्धी मार्गदर्शनका आधारमा राष्ट्रियस्तरका विकास बैंकहरूले गर्ने गरेको दबाव परीक्षणको नियमित अनुगमन गरिएको छ ।

९९. लिक्विडिटी मनिटरिङ फ्रेमवर्क लागु गर्ने क्रममा सो सम्बन्धी छुट्टै डेस्क खडा गरी "ख" वर्गका वित्तीय संस्थाहरूबाट दैनिक रूपमा तथ्याङ्क प्राप्त गरी अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

१००. विश्व बैंक तथा डिपार्टमेण्ट फर इन्टरनेशनल डेभलपमेण्ट (DFID) को समन्वयमा डेभलपमेण्ट पोलिसि क्रेडिट कार्यक्रम अन्तर्गत यस बैंक समेतको सहभागितामा KPMG ले दोस्रो चरणमा १० वटा "ख" वर्गका वित्तीय संस्थाहरूको विशेष निरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरेको छ ।

१०१. प्रत्येक वर्ष कम्तीमा एक पटक सबै विकास बैंकहरूको स्थलगत निरीक्षण सम्पन्न गर्ने योजना अगाडि बढाइएको छ । चालू आर्थिक वर्षमा ३४ वटा संस्थाहरूको समष्टिगत स्थलगत निरीक्षण र ५ वटा संस्थाहरूको विशेष निरीक्षण सम्पन्न गरिएको छ । त्यसैगरी, गैर-स्थलगत सुपरिवेक्षण नियमित रूपमा गर्ने गरिएकोमा सो सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

१०२. विकास बैंकहरूको वित्तीय स्वास्थ्यलाई सुदृढ गर्न त्यस्ता संस्थाहरूको नगद लाभांश र बोनस शेयर सम्बन्धी प्रस्तावलाई स्वीकृत गर्नु पूर्व विवेकपूर्ण संयन्त्र (Prudential Mechanism) को माध्यमबाट परीक्षण गर्ने नीति अवलम्बन गरिएको छ ।

१०३. चालू आर्थिक वर्षमा दुईवटा विकास बैंकलाई अनिवार्य नगद मौज्दात तथा वैधानिक तरलता अनुपात कायम नगरेकोले जरिवाना गरिएको छ । त्यसैगरी, गलत तथ्याङ्क पेश गरेका कारण एउटा विकास बैंकको कार्यकारी अधिकृतलाई जरिवाना गरिएको छ ।

१०४. वित्तीय विवरणको आधारमा गरिएको समष्टिगत स्थलगत निरीक्षण पश्चात् सुपरिवेक्षकीय समायोजन गर्दा २०७२ असोज मसान्तमा पुँजीकोष नेपाल राष्ट्र बैंकले तोकेको ११ प्रतिशतभन्दा न्यून भएकाले "ख" वर्गको ३ वटा वित्तीय संस्थालाई शीघ्र सुधारात्मक कारबाही गरिएको छ ।

## वित्त कम्पनी सुपरिवेक्षण

१०५. २०७२ फागुन मसान्तसम्ममा २७ वटा संस्थाको स्थलगत निरीक्षण, ६ वटा संस्थाहरूको विशेष स्थलगत निरीक्षण तथा DFID को सहयोगमा KPMG बाट ४ वटा संस्थाहरूको स्थलगत निरीक्षण गर्ने कार्य सम्पन्न भएको छ ।

१०६. समीक्षा अवधिमा विपन्न वर्ग कर्जा अन्तर्गत गर्नुपर्ने कर्जा प्रवाह गर्न नसकेकाले ९ वटा वित्त कम्पनीहरूलाई जरिवाना गरिएको छ । त्यसैगरी, २ वटा वित्त कम्पनीलाई शीघ्र सुधारात्मक कारबाही गरिएकोमा यस बैंकको निर्देशन पूरा गरेकाले कारबाही फुकुवा गरिएको छ ।

१०७. तोकिएको न्यूनतम चुक्ता पुँजी पुऱ्याउन नसक्ने

संस्थाहरू मध्ये ३ वटा संस्थाले पुँजी पुऱ्याएकोले कारबाही फुकुवा गरिएको छ । हालसम्म यस बैंकले “ग” वर्गका १० वटा वित्तीय संस्थालाई समस्याग्रस्त घोषित गरेको छ । समीक्षा अवधिमा २ वटा संस्थाका तत्कालीन प्रमुख कार्यकारी अधिकृतलाई बैंकिङ कसुर सम्बन्धी कारबाही अगाडि बढाइएको छ ।

## भुक्तानी तथा फछ्र्यौट

१०८. सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्नका लागि भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२ तर्जुमा गरी लागु गरिएको छ । सो सम्बन्धी काम कारबाही सञ्चालन गर्न यस बैंकमा २०७२ असार महिनामा भुक्तानी तथा फछ्र्यौट विभागको स्थापना गरिएको छ । त्यसैगरी, प्रस्तावित भुक्तानी तथा फछ्र्यौट ऐनको पहिलो मस्यौदा छलफलको क्रममा रहेको छ र भुक्तानी तथा फछ्र्यौट अनुमति नीति, २०७२ को मस्यौदा तयार भई कार्यान्वयनको क्रममा रहेको छ ।

१०९. भुक्तानी प्रणालीको आधुनिकीकरण र विकास गर्नका लागि रियल टाइम ग्रस सेटलमेण्ट सिष्टम (RTGS) जस्ता ठूलो मूल्य भुक्तानी प्रणालीसँग सम्बन्धित वित्तीय बजार पूर्वाधार निर्माण गर्ने विषयमा सहयोग उपलब्ध गराउने गरी UKaid Sakchyam सँग समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

## राष्ट्र ऋण व्यवस्थापन

११०. २०७२ चैत मसान्तसम्म नेपाल सरकारको कुल बाँकी आन्तरिक ऋण दायित्व ट्रेजरी बिलमा रु. ११४ अर्ब ५ करोड ९१ लाख, विकास ऋणपत्रमा रु. ५१ अर्ब ८२ करोड, राष्ट्रिय बचतपत्रमा रु. ११ अर्ब ८ करोड ६५ लाख, नागरिक बचतपत्रमा रु. ७ अर्ब ८० करोड ६२ लाख र वैदेशिक रोजगार बचतपत्रमा रु. २९ करोड ७१ लाख गरी जम्मा रु. १८५ अर्ब ६ करोड ८९ लाख रहेको छ । २०७१ चैत मसान्तमा उक्त ऋण दायित्व रु. १८१ अर्ब १ करोड ७५ लाख रहेको थियो ।

१११. नेपाल सरकारको चालू आर्थिक वर्षको बजेटमा रु. ८८ अर्ब आन्तरिक ऋण परिचालन गर्ने उल्लेख भए बमोजिम समीक्षा अवधिसम्ममा ९१ दिने ट्रेजरी बिल मार्फत रु. ३ अर्ब, १८२ दिने ट्रेजरी बिल मार्फत रु. ५ अर्ब र ३६४ दिने ट्रेजरी बिल मार्फत रु. ४ अर्ब ५० करोड गरी जम्मा रु. १२ अर्ब ५० करोडको ट्रेजरी बिल नयाँ निष्कासन भएको छ ।

११२. नेपाल सरकारको तर्फबाट निष्कासन भएका ट्रेजरी बिलमध्ये आर्थिक वर्ष २०७१ चैतदेखि २०७२ असारसम्म रु. १५ अर्ब ११ करोड र २०७२ चैत मसान्तसम्म रु. १५ अर्ब २९ करोड ९० लाख गरी समीक्षा अवधिमा रु. ३० अर्ब ४० करोड ९० लाख ट्रेजरी बिलको साँवा रकम भुक्तानी भएको छ ।

११३. नेपाल सरकारद्वारा निष्कासित ऋणपत्रहरूमध्ये २०७१ चैतदेखि २०७२ असारसम्ममा वैदेशिक रोजगार बचतपत्र रु. ४० लाख, विकास ऋणपत्र रु. १८ अर्ब ४ करोड ९ लाख र चालू आर्थिक वर्षको चैत मसान्तसम्म राष्ट्रिय बचतपत्र रु. ५ अर्ब ५० करोड, नागरिक बचतपत्र रु. २५ करोड तथा विकास ऋणपत्र रु. ५ अर्ब २५ करोड गरी समीक्षा अवधिमा जम्मा रु. २९ अर्ब ४ करोड ४९ लाख ऋणपत्रको साँवा नेपाल सरकारले भुक्तानी गरेको छ ।

११४. राष्ट्रिय बचतपत्र र नागरिक बचतपत्रको प्राथमिक एवम् दोस्रो बजार तथा वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबारको सुविधा उपलब्ध गराउन तथा त्यस्ता ऋणपत्रहरूको कारोबारलाई बढी भन्दा बढी क्रियाशील बनाई सरकारी ऋणपत्रको बजार विकासमा सहयोग पुऱ्याउने उद्देश्यले चालू आर्थिक वर्ष २०७२/७३ का लागि ४७ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई तोकिएका शर्तहरू पालना गर्ने गरी बजार निर्माताको इजाजत प्रदान गरिएको छ । यसमध्ये १० वटा बजार निर्माताहरू काठमाडौं उपत्यका बाहिर रहेका छन् । आर्थिक वर्ष २०७१/७२ मा ५१ वटा बैंक तथा वित्तीय संस्थाहरूले बजार निर्माताको इजाजतपत्र लिएका थिए ।

११५. वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार गर्नको लागि आर्थिक वर्ष २०७२/७३ का लागि रेमिट्यान्स सम्बन्धी कार्य गर्ने ८ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई तोकिएका शर्तहरू पालना गर्ने गरी बिक्री एजेण्टको इजाजत प्रदान गरिएको छ । आर्थिक वर्ष २०७१/७२ मा ८ वटा बैंक तथा वित्तीय

संस्थाहरूले बिक्री एजेण्टको इजाजत लिएका थिए ।

११६. सरकारी ऋणपत्रमध्ये ट्रेजरी बिल, विकास ऋणपत्र र खुला बजार कारोबारका उपकरणहरू रिपो, रिभर्स रिपो, सोझै खरिद, सोझै बिक्री तथा निक्षेप संकलनको बोलकबोल कार्यलाई आधुनिकीकरण गरी २०७२ असार १४ देखि विद्युतीय माध्यम (अनलाइन विडिङ सिष्टम सफ्टवेयर) बाट बोलकबोल गराउने कार्य सुरु भएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

११७. भारत बाहेक तेस्रो मुलुकबाट ड्राफ्ट/टी.टी.को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३५,००० बराबरसम्मको भुक्तानी दिन पाइने व्यवस्था रहेकोमा सो सीमामा वृद्धि गरी अमेरिकी डलर ४०,००० कायम गरिएको छ ।

११८. व्यापारिक तथा कार्ड कारोबारको भुक्तानी दिनको निमित्त भारतीय रुपैयाँको मौज्दात कायम गर्ने प्रयोजनका लागि मासिक कारोबारको आधारमा वाणिज्य बैंकहरूलाई औसतमा एक हप्ताको लागि आवश्यक हुने भारतीय रुपैयाँ सटही सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

११९. भारतीय रुपैयाँ नगद वितरण कार्यलाई सहज बनाउन चालू आर्थिक वर्षमा भारतीय रिजर्भ बैंकबाट ३ पटकमा भारतीय रुपैयाँ ३ अर्ब ७५ करोड ल्याई आपूर्तिको व्यवस्थापन गरिएको छ । साथै, प्राप्त कागजातहरूको आधारमा सर्वसाधारणलाई भारतीय रुपैयाँको आवश्यकता अनुरूपको सटही सुविधा प्रदान गर्ने गरिएको छ ।

१२०. यस बैंकले गर्ने अमेरिकी डलर खरिद-बिक्री तथा बजार हस्तक्षेप प्रक्रियालाई अटोमेशन गरिएको छ ।

१२१. भारतबाट नेपालमा तथा नेपालबाट भारत तथा तेस्रो मुलुकमा सामान ढुवानी गर्ने भारतीय ट्रान्सपोर्ट कम्पनीहरूलाई ढुवानी वापतको रकम भारतीय रुपैयाँमा नै भुक्तानी दिनुपर्ने अवस्थामा उपलब्ध गराइँदै आएको भारतीय रुपैयाँ ५०,०००।- सम्मको सटही सुविधाको सीमा वृद्धि गरी भारतीय रुपैयाँ ७५,०००।- कायम गरिएको छ ।

१२२. सुनचाँदीको आयात तथा वितरण व्यवस्थालाई प्रभावकारी बनाउन र यस सम्बन्धमा अध्ययन गरी विद्यमान नीतिगत व्यवस्थामा आवश्यक परिमार्जन गर्न सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ संशोधनको क्रममा रहेको छ ।

१२३. विश्व वित्तीय बजारसँग एकीकृत हुँदै गएको राष्ट्रिय अर्थतन्त्रमा पुँजी खाता परिवर्त्यताका व्यवस्थाहरू समयानुकूल बनाउन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गरी आवश्यकता अनुसार उपयुक्त परिमाण र क्षेत्रबाट पुँजी खाता परिवर्त्य गर्दै लैजान नयाँ विदेशी विनिमय व्यवस्थापन गर्ने ऐनको मस्यौदा नेपाल सरकार समक्ष पेश गरिएको छ ।

१२४. नेपाली टुर अपरेटरमार्फत् मानसरोवर कैलाश जाने भारतीय पर्यटक समूहलाई नेपालका होटलमा राखी पर्यटकले पठाएको रकमको ५० प्रतिशत रकम होटलमा खर्च गरेको मूल्य अभिवृद्धि कर विजक तथा बैंकिङ प्रणालीमार्फत् कम्तीमा भारतीय रुपैयाँ १ लाख भित्रिएको निस्सा संलग्न गरी टुर अपरेटरले तिब्बतमा दिनुपर्ने भुक्तानीको लागि सटही सुविधा माग गरेमा प्रति पर्यटक अधिकतम अमेरिकी डलर ५०० सम्मको परिवर्त्य विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । नेपालमा स्थापित कुनै फर्म कम्पनी वा संस्थाले विदेशस्थित सेवा प्रदायक (फर्म, कम्पनी तथा संस्था) सँग सम्झौता गरी नेपालमा सेवा दिए वापतको रकम सटही सुविधा प्रदान गर्ने सम्बन्धमा पनि आवश्यक नीतिगत व्यवस्था गरिएको छ ।

१२५. नियामक निकायहरू नभएको वा नियामक निकायको सिफारिस प्राप्त हुन नसक्ने अवस्था भई नेपाली कम्पनीहरूले विदेशी कम्पनीहरूसँग वार्षिक अमेरिकी डलर ५० हजारभन्दा बढीको परामर्श सेवा लिनु परेमा सटही सुविधाका लागि यस बैंकको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ ।

१२६. नेपालमा शतप्रतिशत लगानीमा व्यवसाय सञ्चालन गर्न चाहने विदेशी लगानीकर्ताले संस्था दर्ता गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा बुझाउनुपर्ने रजिष्ट्रेशन शुल्क तथा पूर्व सञ्चालन खर्चको

लागि कम्पनीको चुक्ता पुँजीको १ प्रतिशतसम्म रकम लगानीकर्ता वा स्थानीय आधिकारिक प्रतिनिधि/एजेण्टको नाममा विदेशी लगानी स्वीकृत हुनु पूर्व नै बैंकिङ च्यानलमार्फत् भित्र्याउन पाउने व्यवस्था गरिएको छ ।

१२७. विदेशी लगानीलाई व्यवस्थित गर्न यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग अन्तर्गत प्रत्यक्ष वैदेशिक लगानी शाखा स्थापना गरी वैदेशिक लगानी (ऋण तथा शेयर पुँजी), लाभांश तथा ब्याजको भुक्तानीको स्वीकृति तथा लेखाङ्कन गर्ने व्यवस्था गरिएको छ ।

१२८. नेपाली फर्म, कम्पनी, उद्योग वा अन्य संस्थाहरूले आफ्नै कम्पनीका विदेशी व्यक्तिगत लगानीकर्ताबाट विदेशी मुद्रामा ऋण लिने सम्बन्धी व्यवस्था थप गरी विदेशी लगानीको रिप्याट्रिएसनमा अपनाउने नीतिगत र प्रक्रियागत व्यवस्थाहरू परिमार्जन गरिएको छ ।

१२९. नेपाली वा विदेशी नागरिकले नेपालबाट अन्य मुलुकमा जाँदा वा अन्य मुलुकबाट नेपालमा आउँदा साथमा बोक्न, ल्याउन, लैजान पाउने नेपाली रुपैयाँको सीमा रु. ५,०००।- र अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सीमा अमेरिकी डलर ५,००० तोकिएको र तोकिएको भन्दा बढी विदेशी मुद्रा ल्याउँदा भन्सार घोषणा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

१३०. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेका इजाजतप्राप्त मनिचेञ्जरहरूले सबै दरका परिवर्त्य विदेशी मुद्राको नोट सटही वापत औसत विनिमय दरमा बढीमा २ प्रतिशतसम्म कम खरिद दर कायम गरी सटही गर्न सक्ने व्यवस्था गरिएको छ ।

१३१. विदेशी मुद्राको कारोबार गर्न चाहने होटल तथा ट्राभल-टुर्स अपरेटरहरूलाई विदेशी मुद्रा कारोबारको इजाजत प्रदान गर्ने विद्यमान प्रक्रिया थप सरलीकरण गर्न "नेपाल राष्ट्र बैंक इजाजत तथा निरीक्षण विनियमावली, २०६७" मा आवश्यक संशोधन गरिएको छ ।

१३२. ओजोन तहलाई नष्ट नगर्ने पदार्थहरू Non–ODS Refrigerant Gas को आयातका लागि वाणिज्य बैंकहरू मार्फत प्रतीतपत्र खोल्दा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सिफारिस आवश्यक नपर्ने व्यवस्था गरिएको छ ।

१३३. विभिन्न देशमा रहेको प्रचलनलाई समेत दृष्टिगत गरी विदेशी विनिमय लगानी निर्देशिका परिमार्जन गरिएको छ । वर्तमान विदेशी विनिमय सञ्चितिबाट अधिकतम प्रतिफल प्राप्त गर्ने उद्देश्यले पोर्टफोलियोको विश्लेषण अर्धवार्षिक रूपमा गर्ने गरिएको छ ।

१३४. २०७२ फागुन मसान्तसम्ममा विप्रेषण सम्बन्धी कार्य गर्ने फर्म तथा कम्पनीको संख्या ४६ पुगेको छ । इजाजतप्राप्त मनिचेञ्जरहरूको सङ्ख्या उपत्यकाभित्र १६४ र उपत्यकाबाहिर २४३ गरी जम्मा ४०७ रहेको छ । विदेशी मुद्राको कारोवार गर्न स्वीकृति लिएका फर्म/कम्पनीहरूमा होटेल १२५, ट्रेकिङ्ग ११३३, ट्राभल एजेन्सी ७९३, विदेशी एयरलाइन्सका जी.एस.ए./पी.एस.ए.तर्फ ३१ वटा पुगेका छन् । त्यसैगरी, कार्गो कुरिएरतर्फ ५७ वटा र विभिन्न संघ/संस्था तर्फ ४१ वटा पुगेका छन् ।

१३५. विदेशी मुद्रा कारोबार गर्न इजाजतप्राप्त फर्म, कम्पनी वा संस्थाहरू (बैंक तथा वित्तीय सस्थाबाहेक) मध्ये २०७१ चैतबाट २०७२ फागुन मसान्तसम्म २१९ वटा संस्थाहरूको नियमित निरीक्षणका साथै ४ वटा वाणिज्य बैंकहरूको ५ पटक विशेष निरीक्षण सम्पन्न भएको छ ।

## मुद्रा व्यवस्थापन

१३६. सहज रूपमा मुलुकभर नेपाली नोटको व्यवस्था गर्ने प्रयोजनको लागि कम्तीमा ३ वर्ष ३ महिनाका लागि धान्ने नोटको स्टक राख्ने व्यवस्था मिलाउने नीतिगत व्यवस्था अनुसार नोट छपाइको कार्यलाई निरन्तरता दिइएको छ । २०७१ चैतदेखि २०७२ फागुन मसान्तसम्ममा रु. १००० दरको रु. १ खर्ब ३५ अर्ब बराबरको नयाँ नोट बैंकमा भित्रिएको छ भने रु. ९५ अर्ब ९० करोड बराबरको नयाँ नोट स्टकबाट निष्कासन भएको छ । २०७२ फागुन मसान्तमा रु. ७९ अर्ब ६६ करोड बराबरको विभिन्न दरका नयाँ नोट नेपाल राष्ट्र बैंकको स्टकमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १ खर्ब ११ अर्ब ८ करोड बराबरको विभिन्न दरका नयाँ नोट स्टकमा रहेको

थियो ।

१३७. मुद्रा व्यवस्थापन विभाग र बैंकका उपत्यका बाहिरका कार्यालयहरूबाट समेत गरी २०७१ चैतदेखि २०७२ फागुन मसान्तसम्ममा रु.४० अर्ब ३५ करोड बराबरको विभिन्न दरका नोटहरू जलान गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. २९ अर्ब ४ करोड बराबरको विभिन्न दरका नोटहरू जलान गरिएको थियो । यसप्रकार, हालसम्म विभिन्न दरका नोटहरूको कुल जलान रु. ३ खर्ब ३१ अर्ब ६१ करोड पुगेको छ ।

१३८. २०७१ फागुन मसान्तसम्ममा विभिन्न दरका रु. २ खर्ब ९६ अर्ब ७६ करोड नोट चलनचल्तीमा रहेकोमा २०७२ फागुन मसान्तसम्ममा थप रु. ६८ अर्ब ९ करोड बराबरको नोट निष्कासन भई चलनचल्तीमा रहेको नोट रकम कुल रु. ३ खर्ब ६४ अर्ब ८५ करोड पुगेको छ ।

१३९. यस बैंकको टक्सार महाशाखाले २०७१ चैतदेखि २०७२ फागुन मसान्तसम्ममा विभिन्न तौलका असर्फी तथा अन्यसमेत गरी रु. १८ करोड ९ लाख बराबरको ७९७१ थान सर्वसाधारणलाई बिक्री वितरण गरेको छ । सोही अवधिमा विभिन्न तौलका १०३६४ थान असर्फी टकमरी भएका छन् ।

## जनशक्ति व्यवस्थापन

१४०. यस बैंकमा विद्यमान मानवीय संशाधनको समुचित उपयोग गर्न जनशक्ति योजना तयार गरी तदनुरूप कर्मचारी भर्ना तथा तालिम, विकास, सरुवा, बढुवा लगायतका कार्यहरू नियमित रूपमा सम्पन्न गरिएका छन् ।

१४१. बैंकमा २०७२ फागुन मसान्तसम्ममा अधिकृत स्तरमा ७४२, सहायक स्तरमा ३६९ र श्रेणीविहिन कार्यालय सहयोगी स्तरमा १५५ गरी जम्मा १२६६ जना कर्मचारीहरू कार्यरत रहेका छन् । त्यसैगरी, ९३ जना सुरक्षाकर्मी, ११ जना चिकित्सक, २ जना इन्जिनियर, २ जना सब-इन्जिनियर तथा प्राविधिकतर्फ कार्यरत पूर्व कर्मचारीहरू १७ जना गरी जम्मा १२५ जना करारमा कार्यरत रहेका छन् । कार्यरत कर्मचारीहरूमध्ये अधिकृत स्तरका कर्मचारी र सहायक स्तरका कर्मचारी बीचको अनुपात १:०.५० तथा सहायक र कार्यालय सहयोगी स्तरका कर्मचारी बीचको अनुपात १:०.७१ रहेको छ ।

१४२. स्वीकृत दरबन्दीको आधारमा पदपूर्ति गरिने प्रशासन सेवातर्फ रिक्त ७३ पदहरूमध्ये अधिकृत विशिष्ट ६ र अधिकृत प्रथम ६ गरी जम्मा १२ पद मूल्याङ्कन बढुवा प्रक्रियाबाट पूर्ति गरिएको छ । बाँकी पदहरूमा समेत मूल्याङ्कन बढुवा, आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा खुला प्रतियोगिताबाट नियमित प्रक्रिया मार्फत् पूर्ति गर्ने कार्य अगाडि बढेको छ ।

१४३. २०७२ वैशाखदेखि फागुन मसान्तसम्ममा कर्मचारी सेवा विनियमावलीको प्रावधान अनुसार कुल ११९ जना कर्मचारीहरू बैंक सेवाबाट अलग भएका छन् । यसरी सेवाबाट अलग हुनेहरूमध्ये ८४ जना सेवा अवधिको आधारमा र १७ जना उमेरको आधारमा अवकाश भएका छन् भने ३ जनाको मृत्यु भएको, ११ जनाको राजिनामा स्वीकृत भएको तथा २ जना बैंक सेवाबाट अलग भई डेपुटी गभर्नर पदमा नियुक्त हुनु भएको छ ।

१४४. कर्मचारीको हित अभिवृद्धि गर्ने उद्देश्यले कर्मचारीका परिवारलाई कडा रोग लागेमा स्वास्थ्य उपचार सहायता प्रदान गर्ने व्यवस्था गरिएको छ । साथै, भूकम्प पीडित कर्मचारीहरूलाई पनि बैंकले यथोचित राहत प्रदान गरेको छ ।

१४५. जनशक्ति व्यवस्थापन विभागको कार्य र प्रक्रियाहरूलाई प्रभावकारी बनाउन HRMISS Project को कार्यान्वयन अन्तिम चरणमा पुगेको छ । HRMISS सफ्टवेयरका विभिन्न Modules हरू मार्फत कार्य भई HRMISS बाट प्राप्त तथ्याङ्कलाई नेपाल राष्ट्र बैंकका वास्तविक तथ्याङ्कसँग तुलना गर्दै सुधार गर्ने कार्य समानान्तररूपमा अगाडि बढिरहेको छ ।

## सम्पत्ति शुद्धीकरण निवारण तथा वित्तीय जानकारी

१४६. नेपालले Egmont Group of Financial Intelligence Units को सदस्यता प्राप्त गरेको छ । यसबाट नेपालले अन्य १५० देशका वित्तीय जानकारी एकाइसँग Egmont Secured Web मार्फत सहज तरिकाले सूचना आदान प्रदान गर्न सक्ने भएकाले सम्पत्ति

शुद्धीकरण निवारणको अभियानमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

१४७. एशिया प्यासिफिक ग्रुप अन् मनि लण्डरिङ (APG) टाइपोलोजि वर्कशप र एपीजी-एग्मण्ट सेमिनार नेपालमा प्रथम पटक सम्पन्न भएको छ । यस कार्यले नेपालको सम्पत्ति शुद्धीकरण निवारण प्रणालीप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धतामा थप बल पुग्नुको साथै विभिन्न निकायको क्षमता अभिवृद्धिमा समेत सहयोग पुगेको छ ।

१४८. वित्तीय जानकारी इकाइ र बैंक सुपरिवेक्षण विभागको सहभागितामा ३० वटा वाणिज्य बैंकको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विशेष निरीक्षण सम्पन्न भएको छ । त्यसैगरी, अन्य बैंक तथा वित्तीय संस्थामा समेत यस्तो निरीक्षण सुरु गरिएको छ ।

## बैंकिङ कारोबार आधुनिकीकरण तथा सूचना प्रविधि

१४९. नेपालको वित्तीय प्रणालीमा प्रयोग हुने चेकलाई थप सुरक्षित बनाउने प्रयोजनका लागि चेक स्ट्याण्डर्ड एण्ड स्पेसिफिकेशन बमोजिम क्लियरिङको लागि २०७२ मंसिरदेखि MICR चेक प्रयोग गर्ने व्यवस्था पूर्ण रूपमा लागु गरिएको छ ।

१५०. यस बैंकमा प्राप्त हुने इनवार्ड चेकहरूको हरेक इमेजलाई प्रिन्ट गर्नुपर्ने बाध्यताको अन्त्य गरी २०७२ असोजदेखि पूर्ण रूपमा प्रिन्टविहीन तरिकाबाट क्लियरिङ हुने व्यवस्था मिलाइएको छ ।

१५१. सूचना प्रविधि प्रणालीको सहयोग कार्यलाई छरितो, व्यवस्थित एवम् प्रभावकारी बनाउन वेव-बेस्ड आइटी हेल्प डेस्क सिष्टम तयार गरी परीक्षण सञ्चालनको क्रममा रहेको छ ।

१५२. इन्टरनेट सेवालाई केन्द्रीकृत रूपमा सञ्चालन एवम् व्यवस्थापन गर्ने योजना अनुरूप Bandwidth को क्षमता 5 mbps बाट बढाई 15 mbps पुऱ्याइएको र सोही योजना अन्तर्गत पहिलो चरणमा नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको लागि केन्द्रीय कार्यालय मार्फत नै इन्टरनेट सेवा उपलब्ध गराइएको छ । साथै, बैंकका कार्यालयहरूबीच सुरक्षित, भरपर्दो सूचना प्रणाली स्थापना गर्न NRB WAN को ब्याकअप लिङ्कको विकास गर्ने कार्य भइरहेको छ ।

१५३. सामान्य सेवा विभागको सञ्चय तथा वितरण फाँटको कार्यलाई कम्प्युटराइज गर्नको लागि इन्भेण्टरी म्यानेज्मेण्ट सिष्टम सफ्टवेयर खरिद गरी सञ्चालनमा ल्याइएको छ । त्यस्तै, बोलकबोल कार्यलाई सरल तथा आधुनिकीकरण गर्न अनलाइन विडिङ सिष्टम सफ्टवेयर (OBSS) खरिद गरी कार्यान्वयनमा ल्याइएको छ ।

१५४. कागजरहित वातावरणका लागि नीति निर्माण गर्न प्राविधिक पक्षाको अध्ययन गरी प्रतिवेदन तयार गर्ने क्रममा रहेको छ । त्यसैगरी, यस बैंकको वेवसाइट तथा इन्टरनेटको आधुनिकीकरण गरी सञ्चालनमा ल्याउनको लागि NRB वेवसाइट इम्प्लीमेण्टेशन प्रोजेक्ट कार्यदल गठन गरी उक्त कार्यदलले आवश्यक नमूना तयार पार्ने कार्य सम्पन्न गरेको छ ।

१५५. निकट भविष्यमा बैंकको डाटा सेन्टर (DC) र डिजास्टर रिकभरी साइट (DRS) तथा वित्तीय जानकारी एकाइको डाटा सेन्टरलाई नेपाल सरकारको राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट सञ्चालित गभर्मेण्ट इण्टिग्रेटेड् डाटा सेन्टर (GIDC) मा स्थानान्तरण गरी सञ्चालनमा ल्याउने उद्देश्य अनुरूप हाललाई बैंकको डिजास्टर रिकभरी साइट तथा वित्तीय जानकारी एकाइको डाटा सेन्टरलाई उक्त केन्द्रमा स्थापना गर्न आवश्यक सम्झौता गरिएको छ ।

## अध्ययन/अनुसन्धान/तालिम/विश्लेषण

१५६. पाँचौं पारिवारिक बजेट सर्वेक्षण सम्बन्धी कार्य २०७० फागुनदेखि शुरु भई २०७१ माघ मसान्तमा सम्पन्न भएकोमा सर्वेक्षणको अन्तिम नतिजा सर्वसाधारणको जानकारीका लागि एक अन्तरक्रिया गरी २०७२ भदौ ३१ गते सार्वजनिक गरिएको थियो ।

१५७. नेपालको मौद्रिक नीतिको संरचना सम्बन्धी अध्ययन सम्पन्न गरी सोको प्रारम्भिक मस्यौदा उपर विभिन्न क्षेत्रका सरोकारवालाहरूको उपस्थितिमा अन्तरक्रिया समेत सम्पन्न गरिएको छ ।

१५८. बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धि सम्बन्धी अवधारणापत्र, नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय

दायरामा नरहेका वित्तीय कारोबार गर्ने संस्थाहरूको कानुनी एवम् सुपरिवेक्षकीय संरचना सम्बन्धी अवधारणा-पत्र, यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन र मर्जर पश्चात् बनेका बैंक तथा वित्तीय संस्थाहरूको अवस्था र मर्जरको प्रभावकारिता सम्बन्धी अध्ययन प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गरिएका छन् । यसका अतिरिक्त संविधान जारी भएपश्चात् दक्षिणी सीमा नाका अवरोधका कारण नेपालको अर्थतन्त्रमा परेको प्रभाव सम्बन्धी अध्ययन पनि गरिएको थियो ।

१५९. पेट्रोलियम पदार्थको मूल्यले मुद्रास्फीतिमा पार्ने प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन, विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति सम्बन्धी अध्ययन प्रतिवेदन तथा नेपाल र चीन बीचको व्यापार सम्बन्धी अध्ययन प्रतिवेदन सम्पादनको क्रममा रहेका छन् ।

१६०. २०७२ फागुन ९ देखि २१ सम्म सियासनको आयोजनामा अन्तर्राष्ट्रिय स्तरको "Foundation Course for Bank Examiners" सम्बन्धी कार्यक्रम काठमाडौंमा सम्पन्न गरिएको छ ।

१६१. २०७२ भदौ २७ मा "ख" वर्गका वित्तीय संस्थाका सम्बन्धित अधिकृतहरूसँग सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी विषयमा काठमाडौंमा र मिति २०७२ पुष २७ मा विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी विषयमा पोखरामा अन्तरक्रिया सम्पन्न गरिएको छ ।

१६२. बैंकिङ कसूरसँग सम्बन्धित मुद्दाहरूको अनुसन्धान र अभियोजन कार्यमा संलग्न प्रहरी तथा सरकारी वकिलहरू र न्याय निरूपण कार्यमा संलग्न न्यायालयका कर्मचारीहरू समेतको सहभागितामा चालू आर्थिक वर्षमा यस बैंकको वित्तीय सहयोगमा नेशनल बैंकिङ इन्स्टिच्युट, नक्साल मार्फत "बैंकिङ प्रक्रिया तथा बैंकिङ कानुन" सम्बन्धी विशेष तालिम कार्यक्रम २०७२ फागुन ९ देखि १४ सम्म बुटवलमा र चैत २१ देखि २६ सम्म विराटनगरमा सञ्चालन भयो ।

१६३. २०७१ चैत १ देखि २०७२ फागुन मसान्तसम्म बैंकर्स प्रशिक्षण केन्द्रले अधिकृत स्तरीय ९, अधिकृत तथा सहायक स्तरीय ७ र सहायक स्तरीय २ गरी जम्मा १८ वटा तालिम सञ्चालन गरेको छ । उक्त तालिम कार्यक्रममा नेपाल राष्ट्र बैंकबाट २७५ जना र अन्य संस्थाहरूबाट ८७ जना गरी कुल ३६२ जनाको सहभागिता रहेको थियो ।

१६४. जनशक्ति विकासका लागि तालिम र अध्ययनलाई यस बैंकले प्राथमिकतामा राखेको छ । समीक्षा अवधिमा कुल ३१८ जना कर्मचारीलाई वैदेशिक तालिममा पठाइएको छ ।

१६५. तरलता व्यवस्थापनलाई थप यथार्थपरक एवम् प्रभावकारी तुल्याउन तरलताको प्रवृत्ति, चक्रीय प्रभाव एवम् कारोबारको लागि आवश्यक परिमाण समेत विश्लेषण गरी तरलता अनुगमन तथा प्रक्षेपण संरचना (LMFF) लाई थप परिमार्जन गरी प्रयोगमा ल्याइएको छ ।

१६६. अर्थतन्त्रका विभिन्न समष्टिगत सूचकहरूको प्रक्षेपण गरी नीति निर्माणलाई सुदृढ बनाउने उद्देश्यले निर्माण गरिएको नेपाल म्याक्रोइकोनोमिक मोडेल (NMEM) को अद्यावधिक तथा परिमार्जन गर्ने कार्य हुँदै आएको छ । यसै सिलसिलामा चालू आर्थिक वर्षमा अर्थतन्त्रका वास्तविक, मौद्रिक, सरकारी वित्त एवम् बाह्य क्षेत्रहरू समेटिएका क्षेत्रगत नमूनाहरू निर्माण गरी नतिजा सहितको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

१६७. सरकारी खर्च तथा आम्दानीको प्रक्षेपणलाई थप परिमार्जन गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय मुद्राकोषको सहयोगमा म्याक्रो फिस्कल फोरकास्टिङ फ्रेमवर्क कार्यान्वयनमा ल्याइएको छ ।

१६८. विश्वका अन्य केन्द्रीय बैंकहरूले अवलम्बन गर्दै आएका आधुनिक Modeling का अभ्यासहरूलाई अवलम्बन गर्ने उद्देश्यले यस बैंकले पनि Dynamic Stochastic General Equilibrium (DSGE) Model तयार गर्नका लागि आवश्यक जनशक्तिको क्षमता अभिवृद्धि गर्ने कार्य गर्दै आएको छ । सोही अनुरूप समीक्षा अवधिमा विभागीय स्तरमा एक

अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

१६९. विगत १ वर्षयता यस बैंकको तर्फबाट अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने दिशामा समेत महत्वपूर्ण उपलब्धि हासिल भएको छ । यस बैंकबाट भएको उच्चस्तरीय भ्रमणहरु तथा अन्तर्राष्ट्रिय दातृ निकायका प्रतिनिधिहरुले गरेको नेपाल भ्रमणका समयमा समेत द्विपक्षीय आर्थिक एवम् वित्तीय विकासका विषयमा छलफल भएका छन् ।

१७०. यस बैंकबाट सहभागिता जनाइएका अन्तर्राष्ट्रिय मुद्राकोष एवम् विश्व बैंकका वार्षिक तथा स्प्रिङ बैठकहरु, साउथ इष्ट एशियन रिसर्च एण्ड ट्रेनिङ सेन्टर (SEACEN) को गभर्नर्स कन्फरेन्स, एशियन क्लियरिङ युनियन तथा सार्कफाइनान्स गभर्नर्स सिम्पोजिएम लगायतका उच्चस्तरीय अन्तर्राष्ट्रिय भ्रमणले विचार आदान-प्रदान मार्फत् अन्तर्राष्ट्रिय परिस्थिति अनुरुप नीति निर्माणका क्षेत्रमा समेत सहयोग पुग्न गएको छ ।

१७१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार बैंकले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसँग पारस्परिकताको आधारमा सहयोग आदानप्रदान गर्न तथा सुपरिवेक्षकीय सूचनाहरू आदानप्रदान गर्नसक्ने व्यवस्था रहे बमोजिम भारतीय रिजर्भ बैंक र चीनको बैंकिङ नियमनकारी निकाय चाइना बैंकिङ रेगुलेटरी कमिशन (CBRC) सँग सहमतिपत्रमा हस्ताक्षर भएको छ । त्यसैगरी, पाकिस्तानको केन्द्रीय बैंकसँग सहमति गर्ने कार्य अगाडि बढाइएको छ ।

१७२. भारतबाट भित्रिने विप्रेषण कारोबारमा रहेका विद्यमान कठिनाइहरू समाधान गर्दै विप्रेषण भित्र्याउने कार्यलाई सरल र सहज बनाउने लगायत द्विपक्षीय सरोकारका विषयमा समन्वय र सहयोग पुऱ्याउन भारतीय रिजर्व बैंक र यस बैंक बीच जोइन्ट टेक्निकल कोअर्डिनेसन कमिटी (JTCC) गठनको कार्य अन्तिम चरणमा पुगेको छ ।

१७३. २०७२ फागुन १२ मा अन्तर्राष्ट्रिय मुद्राकोषले नेपालको कोटालाई १२०.०६ प्रतिशतले वृद्धि गरी एसडीआर १५ करोड ६९ लाख पुऱ्याएको छ । कोषबाट भूकम्प पश्चात्को पुनर्स्थापना तथा पुनर्निर्माणलाई सघाउन २०७२ साउन १५ गते एसडीआर ३ करोड ५६ लाख अर्थात् अमेरिकी डलर ४ करोड ९७ लाख बराबरको ऱ्यापिड क्रेडिट फ्यासिलिटि (RCF) प्राप्त भएको छ । शून्य ब्याजदरको यो ऋण सहुलियत विशेषगरी भुक्तानी सन्तुलनमा संकट आउँदा प्रदान गरिने भए तापनि अन्तर्राष्ट्रिय मुद्राकोषले भूकम्प पश्चात्को विशेष परिस्थितिमा नेपाललाई बजेटरी सहयोगको रुपमा प्रदान गरेको हो ।

१७४. चालू आर्थिक वर्षमा अन्तर्राष्ट्रिय मुद्राकोषले एक्सटर्नल सेक्टर स्ट्याटिस्टिक्स, लिक्विडिटी म्यानेज्मेण्ट, नेशनल समरी डाटा पेज तथा क्यास म्यानेज्मेण्ट एण्ड कमिट्मेण्ट कन्ट्रोल विषयमा प्राविधिक सहयोग प्रदान गरेको छ। उल्लिखित सहयोग एवम् सन् २०१४ मा कोषद्वारा गरिएको वित्तीय क्षेत्र मूल्याङ्कन कार्यक्रम (FSAP) का सुझावहरू कार्यान्वयनको चरणमा रहेका छन् ।

## विविध

१७५. बैंकका काम कार्यवाहीलाई योजनावद्ध, व्यवस्थित तथा थप प्रभावकारी बनाउनको लागि संस्थागत योजना विभागले तयार पारेको दोस्रो रणनीतिक योजना २०१२-२०१६ कार्यान्वयनको अन्तिम वर्ष रहेकोले सोको समीक्षा प्रतिवेदन तयार गर्ने क्रममा रहेको छ । साथै, तेस्रो रणनीतिक योजना तर्जुमा गर्ने कार्य अगाडि बढेको छ ।

१७६. साविकको बजेट निर्देशिका, २०६२ र कार्य योजना तर्जुमा तथा मूल्याङ्कन निर्देशिका, २०६७ खारेज गरी नेपाल राष्ट्र बैंक बजेट तर्जुमा, कार्यान्वयन एवम् अनुगमन निर्देशिका, २०७२ र योजना तर्जुमा एवम् मूल्याङ्कन निर्देशिका, २०७२ लागु गरिएको छ ।

१७७. इन्टिग्रेटेड रिस्क म्यानेज्मेण्ट फ्रेमवर्क सञ्चालक समितिबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ । जोखिम निर्देशिका २०६६ लाई इन्टिग्रेटेड् रिस्क म्यानेज्मेण्ट फ्रेमवर्कमा भएका व्यवस्थासँग सामाञ्जस्य हुने गरी परिमार्जन गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

१७८. बिजनेश कन्टिन्युटी प्लान तयार गर्ने प्रारम्भिक कार्य

अगाडि बढाइएको छ । २०७२ बैशाख १२ मा गएको भूकम्प पश्चात् उत्पन्न असर समेतलाई दृष्टिगत गरी बेलायतको डिपार्टमेण्ट फर इन्टरनेशनल डेभलपमेण्ट (DFID) को प्राविधिक सहयोगमा विराटनगरमा डिजास्टर रिकभरी साइट स्थापना गर्ने गरी प्रारम्भिक कार्य अगाडि बढाइएको छ ।

१७९. यस बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन, संस्थाभित्र सुशासन कायम गर्न तथा विद्यमान जोखिम न्यूनीकरण गर्नको लागि नियमित, कार्यसम्पादनमूलक, विशेष र जोखिममा आधारित भई उपत्यकास्थित विभाग/कार्यालयहरू तथा उपत्यका बाहिरका कार्यालयहरूको लेखापरीक्षण हुँदै आएको छ । २०७१ चैतदेखि २०७२ फागुन मसान्तसम्ममा ५ वटा विभाग, उपत्यका बाहिरका ७ वटा कार्यालयहरूको नियमित लेखापरीक्षण र बैंक सुपरिवेक्षण विभाग तथा विकास बैंक सुपरिवेक्षण विभागको विशेष लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । गैर-स्थलगत लेखापरीक्षणको कार्यलाई अर्धवार्षिक रूपमा सम्पन्न गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

१८०. आर्थिक वर्ष २०७१/७२ मा विदेशी विनिमय पुनर्मूल्याङ्कन अगाडि बैंकको खुद मुनाफा रु. १० अर्ब ७६ करोड ३८ लाख र पुनर्मूल्याङ्कन समेतको खुद मुनाफा रु. १२ अर्ब ६ करोड ७३ लाख रहेको छ । आर्थिक वर्ष २०७१/०७२ को मुनाफाबाट बैंकले रु. ७ अर्ब बचत रकम नेपाल सरकारलाई भुक्तानी गर्न छुट्याएको छ ।

१८१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कायम गर्नु पर्ने विभिन्न कोषहरूमा हालसम्म रु. १ खर्ब ८ अर्ब ८ करोड २५ लाख तथा कर्मचारीको अवकाशपश्चात् भुक्तानी गर्नु पर्ने दायित्वका लागि रु. १५ अर्ब ९३ करोड ४१ लाख व्यवस्था गरिएको छ ।

१८२. २०७२ वैशाखमा आएको शक्तिशाली भूकम्प र त्यसपछिका परकम्पका कारण यस बैंकका बालुवाटार र थापाथलीस्थित भवनहरू क्षतिग्रस्त हुन पुगेकोमा सो क्षतिको विवरण लिने, क्षति व्यवस्थापन गर्ने तथा आवश्यकता अनुसार तत्काल पुनर्निर्माणका कार्यहरू समेत गर्नसक्ने गरी वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा गठित आकस्मिक व्यवस्थापन समितिले तदारुकताका साथ कार्य सम्पन्न गरेको थियो ।

१८३. आर्थिक वर्ष २०७२/७३ को बजेट तर्जुमा गर्दा भूकम्पका कारण आकस्मिक रूपमा सम्पादन गर्नुपर्ने कार्य, भूकम्पका कारण नियमित रूपमा सम्पादन गर्नुपर्ने कार्य र अन्य नियमित कार्यहरू गरी बजेटको वर्गीकरण गरी बालुवाटार तथा थापाथली परिसरका सम्पूर्ण निर्माण कार्यहरू सम्पादन भइरहेका छन् । यस अन्तर्गत बालुवाटार परिसरमा करिब १४ हजार वर्गफिट क्षेत्रफल सहितको दुईतले भवन निर्माण, ट्रेनिङ सेन्टर भवनको मर्मत संभार तथा थापाथली परिसरमा ट्रस निर्माण एवम् मुद्रा व्यवस्थापन विभागको छतमा प्रिफेब्रिकेटेड कार्यस्थल निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी, बालुवाटार तथा थापाथलीका क्षतिग्रस्त भवनहरू भत्काउन र उक्त स्थानहरूमा बैंकका लागि उपयुक्त भवनहरू निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।

## अन्त्यमा,

१८४. २०७२ वैशाखको विनाशकारी भूकम्प, चालू आर्थिक वर्षको प्रारम्भदेखि नै देशका विभिन्न स्थानहरूमा भएको आन्दोलन तथा नयाँ संविधान जारी भए लगत्तै सुरु भएको दक्षिणी सीमा नाका अवरोध तथा आपूर्ति असहजताका कारण खुम्चन पुगेको अर्थतन्त्र आपूर्ति सहज बन्दै गएपश्चात् चलायमान देखिएकोले चालू आर्थिक वर्षको बाँकी अवधिमा मुलुकको समष्टिगत आर्थिक स्थितिमा केही सुधार आउने अनुमान छ । आगामी दिनमा निजी तथा सार्वजनिक एवम् वैदेशिक लगानीलाई प्रोत्साहित गर्दै वित्तीय क्षेत्रको विकास र स्थायित्व मार्फत् मुलुकको आर्थिक विकासमा योगदान दिन नेपाल राष्ट्र बैंक प्रतिबद्ध छ । वार्षिक उत्सवको यस अवसरमा बैंकका सम्पूर्ण कर्मचारी र सम्बद्ध सरोकारवाला सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दै आगामी दिनमा थप जिम्मेवारी बोधका साथ बैंकको उद्देश्य प्राप्तिमा आ-आफ्नो स्थानबाट योगदान गर्न आह्वान गर्दछु ।

१८५. मुलुक लामो राजनीतिक संक्रमण, विनाशकारी भूकम्प, तराई मधेश आन्दोलन र सीमा नाका अवरोधको शृङ्खलावद्ध घट्नाक्रमबाट पार पाई क्रमशः सहज

वातावरणमा प्रवेश गरेको यस अवस्थामा पुनर्निर्माण र नवनिर्माणको अभियानलाई गति दिई आर्थिक विकास र आर्थिक स्थायित्व कायम गर्न नियामक निकायहरूको एकल प्रयासबाट मात्र पर्याप्त नहुने तथ्यलाई दृष्टिगत गर्दै नेपाल राष्ट्र बैंक सरोकारवाला सबै निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, सञ्चार जगत् र सर्वसाधारणलाई पनि सकारात्मक र सहयोगी भूमिका निर्वाह गर्न अनुरोध गर्दछ ।

१८६. यस बैंकको कामकारबाहीमा सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, निजी क्षेत्रका संघ संस्थाहरू, सञ्चार क्षेत्र, प्रबुद्ध वर्ग, दातृ निकाय लगायत अन्तर्राष्ट्रिय संघ संस्थाहरू र जनसाधारणलाई यस अवसरमा म धन्यवाद ज्ञापन गर्दछु र आगामी दिनमा पनि सम्बद्ध सबैबाट बैंकलाई निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**

**१४ वैशाख २०७३**